विपक्षीलाई बाहिर राखेर हुने निर्वाचन... पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २५ •अंक २१८ • २०८० साल पुस २० गते शुक्रबार (5 January, Friday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-


## राष्ट्रिय सभा सदस्यका लागि करोडको प्रस्ताव

### मधेशमा जसपाले पुरुष मागे, कांग्रेसलाई महिला सदस्य लिन दबाब

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय सभा सदस्य पदका लागि मधेश प्रदेशमा भारी आर्थिक चलखेल हुन लागेको छ। राष्ट्रिय सभामा मधेश प्रदेशको २ जना सदस्यको कार्यकाल पूरा भएपछि स्थान रिक्त भएको छ।

जनता समाजवादी पार्टी(जसपा)को महिला सदस्य र नेपाली कांग्रेसको पुरुष सदस्यको कार्यकाल पूरा भएपछि रिक्त भएको पदका लागि आर्थिक चलखेल सुरु भएको छ।

प्रभावशाली महिला आकांक्षीको सपना पूरा हुने छैन्।

कांग्रेसमा महिला सदस्य लिन संस्थापन इतर पक्षका नेता डा.शेखर कोइरालाले सभापति शेरबहादुर देउवामाथि दबाब बढाउन थालेका छन् । मधेश प्रदेशमा कांग्रेसको भागमा महिला कोटा परे महोत्तरीकी नेतृ किरण यादवको संभावना बलियो रहने छ । उनी कांग्रेस केन्द्रीय समितिको सदस्य र पूर्व सभासद पनि हुन् । उनलाई राष्ट्रिय सभामा ल्याउन डा.कोइराला समूहले भरमग्दुर प्रयास गरिरहेका छन्।

> **कांग्रेस संस्थापन पक्षले पुरुष सिट नै लिने अडानमा रहेको छ । तर जसपाको तर्फबाट दबाब आउन थालेको स्रोतले जनाएका छन् । स्रोतका अनुसार महिला सदस्यमा आर्थिक चलखेलको संभावना कमजोर रहेकाले नेताहरु पुरुष उम्मेदवारप्रति बढी जोड दिन थालेका छन् ।**

सत्ता गठबन्धन दलहरुबीच भएको सहमति अनुसार जुन दलको जुन सदस्य पद रिक्त भएको छ, सो ही पदमा उम्मेदवारी दिनुपर्ने छ। तर मधेश प्रदेशमा जसपाले पुरुष सदस्य पदका लागि प्रस्ताव गरेको छ।

राष्ट्रिय सभा सदस्यमा जान १ जना 'क' वर्गका ठेकेदारले चासो देखाएका छन् । कांग्रेसमा उनले ५ करोड सम्मको प्रस्ताव गरेको उच्च स्रोतले जनाएका छन् । ६ वर्षको कार्यकालका लागि चुनिने सदस्य पदमा ठेकेदारको चासो बढेसँगै राजनीतिक दलहरुबीच उम्मेदवारको लिंग फरक हुने गरी हानथाप हुन थालेको छ।

कांग्रेस र जसपाबीच फरक लिंग भएका उम्मेदवारमा सहमति भए आर्थिक चलखेलसँगै

जसपामा पुरुष कोटा परे प्रभावशाली नेतृ रेनु यादवको संभावना समाप्त हुनेछ। राष्ट्रिय सभामा जानबाट यादवलाई रोक्न सकृय रहेका समूहले ठेकेदारको पक्षमा लविङ्ग गर्न थालेका छन्।

कांग्रेस संस्थापन पक्षले पुरुष सिट नै लिने अडानमा रहेको छ । तर जसपाको तर्फबाट दबाब आउन थालेको स्रोतले जनाएका छन्। स्रोतका अनुसार महिला सदस्यमा आर्थिक चलखेलको संभावना कमजोर रहेकाले नेताहरु पुरुष उम्मेदवारप्रति बढी जोड दिन थालेका छन्।

मधेश प्रदेशको राजनीतिमा कांग्रेसको संस्थापन पक्षले किरण यादवलाई रोक्न रिक्त भएको पुरुष सिटमा नै उम्मेदवारी दिनुपर्नेमा अडिग देखिएका छन् । कांग्रेसको रिक्त भएको पुरुष सिटमा नै उम्मेदवारी दिनु पर्ने दबाब संस्थापन पक्षका नेताहरुले सभापति देउवामाथि दवाव बनाएका छन् ।उनीहरुले महिला सदस्यको पद जसपालाई दिनुपर्नेमा पार्टी भित्र वातावरण बनाउन लागेका छन्।

जसपामा असन्तुष्ट रहेकी नेतृ रेणु यादवलाई राष्ट्रिय सभामा पठाएर मधेश प्रदेशमा सन्तुलन मिलाउन नेतृत्व तहमाथि दबाब दिने समूह भने धेरै प्रभावशाली हुन नसकेको स्रोतले जनाएका छन् । यादवलाई उम्मेदवारबाट रोक्न पुरुषमा जोड दिने समूह प्रभाशाली रहेको स्रोतले जनाएका छन्।

ठेकेदारले मोटो रकम दिएर भए पनि सांसद बन्ने धोको पूरा गर्न लागि परेका छन्। उनले कांग्रेस र जसपाका शीर्ष नेताहरुलाई प्रभावित गर्न लागेका छन् । स्रोतका अनुसार कांग्रेसमा उनले संभावना कम देखेपछि जसपा तर्फ 'पासो' थापेको बताइन्छ।

राष्ट्रिय सभाको सदस्य पदका लागि कांग्रेस र जसपामा कार्यकाल पूरा गरेको भन्दा फरक लिंगका उम्मेदवार बनाए मधेश प्रदेशको राजनीतिमा समेत प्रभाव पर्नसक्ने बताइन्छ।

मधेश प्रदेश कांग्रेसले हालै ६२ जनाको नाम राष्ट्रिय सभा सदस्यका लीाग सिफारिस गरेको छ । सिफारिस गरिएका नाम मध्ये पुरुषहरु नै प्राथमिकतामा छन्। संस्थापन पक्षका प्रभावशाली नेता आनन्द प्रसाद ढुंगानालाई राष्ट्रिय सभामा पुऱ्याउन सभापतिमाथि एउटा समूहले दबाब बनाएको छ । मधेश प्रदेश समितिले सिफारिस गरेको सूचीमा ढुंगानाको नाम १ नम्बरमै राखिएको छ।

जसपाले भने राष्ट्रिय सभासदस्यका लीाग नाम प्रस्ताव गरेको छैन्। पुस २३ गते राष्ट्रिय सभा सदस्य पदका मनोनयन दर्ताको समय निर्धारण गरिएको छ।

## धम्की दिइ रकम माग्ने पक्राउ

**टुडे समाचारदाता**

गौर । रौतहटमा फोनबाट धम्की दिइ रकम माग्ने गरेका एक जनालाई प्रहरीले पक्राउ गरेको छ। एक जना व्यापारीलाई फोन गरी धम्की दिने तथा रकम माग गर्ने एकजनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

९८०१५७७५१० नम्बरको मोवाइलबाट फोन गरी रकम माग गर्ने फतुवा विजयपुर नगरपालिका-८ का ३४ वर्षीय श्रीभगवान साह पक्राउ परेका छन्।

साहले एकजना व्यापारीलाई पटक पटक फोन गरी ५ देखि ५० लाख रुपैयाँसम्म दिन माग गरेको र सो रकम नदिए उनको छोराछोरीको ज्यानै समेत मारिदिने धम्की दिएपछि साहलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । पक्राउ परेका साहमाथि आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसुर अन्तर्गत आवश्यक अनुसन्धान एवम् कारबाही अगाडि बढाइएको रौतहटकी प्रहरी प्रवक्ता डिएसपी एलिजा गौतमले जानकारी दिएकी छन्।






## अढाइ किलो भन्दा ठूलो ट्यूमरको सफल अप्रेशन


**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमै पहिलो चोटी किड्नी माथिको ठूलो ट्यूमरको सफल शल्यक्रिया मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले गरेको छ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत जनकपुरधाम स्थित प्रादेशिक अस्पतालमा किडनीमा रहेको लेफ्ट एडरनल ट्यूमरलाई सफलतापूर्वक शल्यक्रिया गरिएको छ। करिब २ किलो ६ सय ग्रामको सो ट्यूमर हटाउन प्रतिष्ठानका प्रोफेसर तथा युरोलोजीस्ट डा सुधिर सिंहको नेतृत्वको टोलीले नेपालमै पहिलो पटक सफल शल्यक्रिया गरी इतिहास रचेको बताइएको छ।

क्यान्सर ठिक गराउन भरतपुर क्यान्सर अस्पताल देखि लिएर भारतको विभिन्न ठाउँमा पुगेका जनकपुरधाम उपमहानगरपालिका वार्ड नं २४ बसहियाका ३५ वर्षीय रामतोला देवीले पैसा नभएकै कारण उपचार गराउन सकेकी थिइनन्।

'लाखौ रकम खर्च गर्न सक्ने अवस्था नरहेको र कयौं अस्पतालबाट उपचार नहुने जवाफले निराश भएकी थिएँ' पीडित महिलाले भनिन्, 'आफ्नै ठाउँको अस्पतालमा निःशुल्क सफल उपचार गरिदिने डाक्टरहरु मेरा लागि भगवान नै हुन्।'



शल्यक्रिया टिमको नेतृत्व गरेका डा. सुधिर सिंहले यस किसिमको शल्यक्रिया नेपालमै पहिलो पटक भएको दाबी गरेका छन्।

'बिरामीको ट्यूमर किडनीसंगै टाँसिएको थियो, तर हामीले किडनीलाई समेत बचाउँदै ट्यूमरलाई निकाल्न सफल भएका छौं', उनले भने। नेपालमै पहिलो पटक भएको कारण मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि ठूलै उपलब्धि रहेको रजिष्ट्रार डा.विनोद यादवले बताए।

शल्यक्रियामा डा.सिंहसंगै डा.नविन साह, डा.अमित कर्ण, डा.संजय यादव र ओटीका टिमको सहभागिता रहेको थियो।


मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

**आवश्यकता**

यस अंजनी सुइटका लागि तपसिलका कर्मचारीको आवश्यकता भएकोले सो पदमा कार्य गर्ने इच्छुक महानुभावहरुले सम्पर्क गर्न हुन जानकारी गराईन्छ।

| सि. नं. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १. | लेखापाल (पुरुष/महिला) | १ (एक) | कम्प्युटरको शीप भएको |
| २. | रिसेपनिष्ट (महिला) | केही | कम्प्युटरको शीप भएका |

**सम्पर्क**
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर,
जनकपुरधाम-८, धनुषा

Anjani Suite

ANJANI SUITE

**विशेषताहरु**

- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था



# नगरपालिकाले बुझायो कृषि विद्युत् महसुल

**टुडे समाचारदाता**

सिरहा । गोलबजार नगरपालिकाले नगरभित्रका किसानले सिँचाइका लागि प्रयोग गर्दा लागेको कृषि विद्युत् महसुल बुझाएको छ । नगरपालिकाले कृषि विद्युत् महसुल अनुदान कार्यक्रमअन्तर्गत करिब रु आठ लाख महसुल विद्युत् प्राधिकरणलाई बुझाएको हो ।

> विहिबार एक समारोहकाबीच नगर प्रमुख श्यामकुमार श्रेष्ठले विद्युत् प्राधिकरण मिर्चैया वितरण केन्द्रका प्रमुख मनोजकुमार शर्मालाई रु सात लाख ९७ हजारको चेक हस्तान्तरण गरे । भुक्तानी भएको रकम साउनदेखि अहिलेसम्मको भएको नगरप्रमुख श्रेष्ठले जानकारी दिए ।

विहिबार एक समारोहकाबीच नगर प्रमुख श्यामकुमार श्रेष्ठले विद्युत् प्राधिकरण मिर्चैया वितरण केन्द्रका प्रमुख मनोजकुमार शर्मालाई रु सात लाख ९७ हजारको चेक हस्तान्तरण गरे । भुक्तानी भएको रकम साउनदेखि अहिलेसम्मको भएको नगरप्रमुख श्रेष्ठले जानकारी दिए ।

वडा नं १ लहान वितरण केन्द्रले हेर्ने भएकाले त्यसका लागि रु ५० हजार निकासा भएको कृषि शाखाका वीरेन्द्र यादवले जानकारी दिए ।

पालिकाले गत असारमा सम्पन्न नगरसभाबाट कार्यविधि पास गरी प्रमाणीकरण गरेको भए पनि लेखा तथा प्रशासकीय प्रमुख नियमित नहुँदा भुक्तानीमा ढिलाइ भएको नगर प्रमुख श्रेष्ठले बताए । "नगरपालिकाले कार्यविधि पास गरिसकेको भए पनि लेखाका कर्मचारी नहुँदा धेरै काम नियमित रुपमा हुन सकिरहेको थिएन । कर्मचारीको अभावका कारण ढिलाइ भएको हो", उनले भने ।

मिर्चैया वितरण केन्द्रका प्रमुख शर्माले पालिकाको सानो प्रयासबाट किसानले प्रत्यक्ष लाभ पाएका बताए । "यसवर्ष वर्षाको समयमा पनि खरेडी परेकाले किसानले भूमिगत सिँचाइको सहयोगमा खेतीपाती गरेका थिए । यस्तो बेलामा नगरले विद्युत् महसुल तिरेर किसानका लागि घाउमा मलहमपट्टी लगाएजस्तो भएको छ", उनले भने ।

प्रमुख शर्माका अनुसार नगरक्षेत्रमा तीन हजारको हाराहारीमा कृषि मिटर जडान गरिएका छन् । नगर प्रमुख श्रेष्ठले आगामी दिनमा बाँकी किसानलाई पनि यस योजनामा समेट्ने योजना रहेको जानकारी दिए ।

# साधुसन्तलाई न्यानो कम्बल

**टुडे समाचारदाता**

महोत्तरी । पुसको कठ्याङ्ग्रिदो जाडोमा न्यानो कम्बल पाएपछि धार्मिक नगरी मटिहानीका साधु र मोल्वीले राहत महसुस गरेका छन् ।

मटिहानीस्थित लक्ष्मीनारायण मठका साधु, पीरबाबा मजारका फकिर र मस्जिदका मोल्वीले न्यानो कम्बल पाएपछि राहत महसुस गरेका हुन् । साधु, फकिर र मोल्वीलाई मटिहानी नगर कार्यपालिकाको कार्यालयले कम्बल वितरण गरेको हो ।

"हामीले दुई दिनदेखि साधु, फकिर र मोल्वी (इस्लाम धर्म गुरु) को खोजी गर्दै कम्बल दिन थालेका छौं, मङ्गलबारदेखि विहिबारसम्म ६० जनालाई कम्बल दिइएको छ", मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डलले भने । कम्बल पाउनेमा मठका ४० साधु, मजारका फकिर र नगरक्षेत्रका विभिन्न बस्तीका २० मोल्वी रहेका छन् ।



मठमन्दिर, मस्जिद (इस्लाम परम्पराको नमाज पढ्ने र प्रार्थना गरिने घर) र पीरबाबाको मजारले प्रसिद्धि पाएको मटिहानी नगरक्षेत्रका मठ/मन्दिर, मस्जिद तथा मजारमा रहेका साधु, मोल्वी र फकिरलाई न्यानो कम्बल वितरण गरिएको हो । मठमन्दिर, मस्जिद र मजारमा रहने ६० साधुले जाडोमा न्यानो कम्बल पाएपछि राहत महसुस गरेका छन् ।

"हामी साधुको भर नै श्रद्धालुजन हुन् , जाडोमा कम्बल पायौं, अब यसैले जाडो कट्ला", लक्ष्मीनारायण मन्दिरमा रहेका साधु शिवशरण दास वैष्णवले भने । यसैगरी पीरबाबा मजारका फकिर हशन अहमदले पनि जाडोमा नगरपालिकाले गरेको कम्बल सहयोगले राहत मिलेको बताए । यसैगरी ३५ वर्षीय मोल्वी तहसीन रेजाले बढ्दो जाडोबीच पाएको कम्बलले निकै राहत मिलेको प्रतिक्रिया दिए ।

मटिहानीमा मुलुककै प्रसिद्ध र जेठो लक्ष्मीनारायण मठ तथा हिन्दू परम्पराका आराध्यदेव भगवान लक्ष्मीनारायणको मन्दिर छ । यहाँको यो मठ मुलुकभरिकै मठहरुको नायक मानिन्छ । त्यसैले अन्य मठका मुख्य साधु महन्थ र यहाँका भने 'मानमहन्थ' भनिन्छन् । मठको प्रशासनिक प्रमुखको भूमिका 'मानमहन्थ' बाटै हुने व्यवस्था छ ।

मटिहानी नगरको खोजी र यसलाई आधुनिक तवरले बसोबास गराउने हिन्दू परम्पराका साधु तस्मैयाबाबा र इस्लाम परम्पराका सुफीसन्त पीरबाबा मानिन्छन् । यहाँ दुवै साधुको सम्झना र सम्मान गर्ने थिति नै बसेको मटिहानीबासी बताउँछन् । "मटिहानी तस्मैयाबाबा र पीरबाबाले बसाउनुभएको नगर मानिन्छ, त्यसैले यहाँका बासिन्दा दुवै साधुप्रति उच्च सम्मान व्यक्त गर्छन्" नगरप्रमुख मण्डल भन्छन्, "उहाँहरुकै कृपा र आशिर्वादले यहाँ हिन्दू र इस्लाम सधैं एकअर्काको सहयोगी भई मिलेर बस्दै आएका छन् ।"

आफ्नो नगरभित्रका हिन्दू परम्पराका अनुष्ठानमा इस्लाम धर्मावलम्बी र इस्लाम परम्पराका अनुष्ठानमा हिन्दू धर्मावलम्बी सराबरी देखिनु उनै तस्मैयाबाबा र पीरबाबाको आशिर्वाद मानिएको मण्डल बताउछन् । लक्ष्मीनारायण मठ, लक्ष्मीनारायण मन्दिर, लक्ष्मीसागर र तस्मैयाबाबाको अखडा यहाँ हिन्दू परम्पराका र पीरबाबा मजार इस्लाम परम्पराका पूज्यस्थल मानिन्छन् ।

लक्ष्मीसागर रामायणकालमा रामसीताको विवाहमा वेदी बनाउन माटो खनिएको ठाउँ रहेको विश्वास गरिन्छ । इस्लाम परम्पराका सुफीसन्त पीरबाबाको मजारमा 'मन्नत' (कुनै पिरमर्काको पुकारा गर्न, वरदान) माग्न हिन्दू, मुस्लिम सराबरी देखिन्छन् ।

"यहाँको माटो र यसको सुगन्ध नै सद्भावपूर्ण छ, यहाँ (मटिहानी) टेकेपछि कसैको मनमा रहेको धार्मिक उन्माद पनि शीतल हुन्छ", पीरबाबा मजारका फकिर हशन अहमद भन्छन्, "यो पीरबाबा र तस्मैयाबाबाको प्रताप हो ।" मटिहानी नगर कार्यपालिकाले वर्षेनीजसो मठमन्दिर र मजारका साधुसन्तलाई न्यूनतम मानवीय आवश्यकताका कुराको ख्याल राख्ने गरेको यहाँका साधुसन्तको प्रतिक्रिया छ ।

आफ्नो नगरको मुख्य परिचय नै धार्मिक नगरीको रहेको हुँदा यो परिचय जोगाउन अहोरात्र लागि रहेका साधुसन्त मटिहानीवासीका आदर्श रहँदै आएका नगरप्रमुख मण्डलको भनाइ छ । "यहाँका साधुसन्तलाई केही गर्न पाउनु अवसर मानिन्छ, हामी त्यो अवसरको यथासक्य उपयोग गर्ने प्रयत्न गर्छौं", मण्डलले भने ।

# जल विद्युत् आयोजना निर्माण गर्न कर्जा सम्झौता सम्पन्न

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लि.को एकल ऋण लगानीगर्ने गरी कोशी प्रदेशको ईलाम जिल्ला साविक समलबुङ र जिर्मले गा.वि.स. (हालको सुर्योदयनगरपालिका र रोङगाँउपालिका) मा निर्माण हुने सिद्धि हाइड्रोपावर कम्पनी लि प्रवर्द्धक रहेको १० मेगावाट क्षमताको सिद्धि खोला जल विद्युत् आयोजनामा प्रवर्द्धक कम्पनी र बैंक बीच बिहीबार वित्तीय व्यवस्थापनकालागि सम्झौता भएको छ ।




सो अवसरमा बैंकका प्रमुख-कन्सोर्टियम/इन्फ्रास्ट्रक्चर बैंकिंग युनिटका रोशन मल्ल र कम्पनीका प्रबन्ध संचालक सन्तोश राज नेपालले हस्ताक्षर गरेका छन् । परियोजनाको अनुमानित लागत करीब १ अर्ब ७३ करोड (निर्माण अवधीको व्याजबाहेक) मा बैंकले ७५ः२५ को ऋणः स्वपुँजी अनुपातमा रु. १ अर्ब २९करोड बराबरको ऋण लगानीगर्नेछ भने निर्माण अवधीको व्याज सहित बांकी लागत प्रवर्द्धकहरुबाट स्वपुँजी जुटाइने छ। सो आयोजनाले आगामी २.५ वर्ष भित्र निर्माण सम्पन्न गरी विद्युत उत्पादनगर्ने लक्ष्यरहेको छ। कम्पनीकाअनुसार आयोजनाबाट हिउँदमा ८.८०५ गिगावाट घन्टा र बर्षामा ४६.९११ गिगावाट घन्टा गरी बार्षिक ५५.७१६ गिगावाट घन्टा विद्युत् उत्पादन गरिनेछ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएकाआफ्ना १९० वटा शाखा, १५१ वटा ए.टि.एम. र ९७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १६ लाख ९६ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ।

# लेखा समूह महोत्तरीको अध्यक्षमा यादव

**टुडे समाचारदाता**

जलेश्वर । संघ, प्रदेश र स्थानीय तहमा कार्यरत लेखाका कर्मचारीहरु सम्मलित लेखा समूह महोत्तरीको भेला बिहीबार सम्पन्न भएको छ ।

भेलाले देवकुमार यादवको अध्यक्षतामा ९ सदस्यीय कार्य समिति सर्वसम्मतले चयन गरेको छ।

समितिको उपाध्यक्षमा भुषण राना मगर, सचिवमा सुमन राउत, कोषाध्यक्षमा राकेश कुमार चौधरी, सह-सचिवमा मनोज कुमार महरा चयन भएका छन् । त्यस्तै सदस्यहरूमा काजी गुरुङ, सन्ध्या काफ्ले, डण्डराज बस्नेत र पशुपति महतो चयन भएको सचिव सुमन राउतले जानकारी दिए ।

लेखा समूह महोतरीका संरक्षक एवम् प्रमुख कोष नियन्त्रक बालकृष्ण अधिकारीको प्रमुख आतिथ्यता र कोष नियन्त्रक रुद्र बहादुर सुस्लिङ्गको विशिष्ट आतिथ्यतामा भेला सम्पन्न भएको जनाइएको छ। आर्थिक प्रशासन जस्तो सम्वेदनशील क्षेत्रमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरु आबद्ध रहेको समूह, लेखा समूह रहेको छ ।

जिल्लाको तीनटै संघ, प्रदेश र स्थानीय तहमा रहेर आर्थिक प्रशासनमा कामकाज गर्ने राष्ट्रसेवक कर्मचारीहरुको सेवाको सुरक्षा र वृत्ति विकासको सबालमा खरो उत्रिने प्रतिबद्धता अध्यक्ष यादवले बताए ।

# पत्रकार खानलाई आर्थिक सहयोग



**टुडे समाचारदाता**

वीरगञ्ज । कोरोनाका कारण फोक्सोमा समस्याबाट ग्रसित पत्रकार नेहाल खानलाई आर्थिक सहयोग गरिएको छ । फोक्सोको जटिल समस्याले घरमै उपचाररत वीरगञ्जका पत्रकार नेहाल खानलाई पर्साका पत्रकारहरुले आर्थिक सहयोग गरेका छन् ।

नेपाल पत्रकार महासंघ पर्साका कोषाध्यक्ष संजीव मिश्रा र पत्रकार प्रणय कुमार साहले पत्रकारहरुबाट संकलित नगद २५ हजार रुपैयाँ बिहीबार खानलाई सहयोग गरेका छन् । पत्रकारहरुको एक समूह खानको घरमै पुगेर सहयोग रकम हस्तान्तरण गरेका छन् ।

नगद सहयोग प्रदान गर्दै महासंघका कोषाध्यक्ष मिश्राले पर्साका श्रमजीवी पत्रकारहरुले आगामी दिनमा पनि उपचारका लागि सहयोग गर्न तयार रहेको बताए ।

पत्रकार खानका अनुसार, यसअघि पत्रकार महासंघका मधेश प्रदेशका सचिव श्याम बञ्जाराले ६० हजार र समाजवादी प्रेस संगठनका नेता राघव साहले ५० हजार रुपैयाँ सहयोग गरिसकेका छन् ।

कोरोना महामारीकै बेलादेखि फोक्सोको समस्याबाट ग्रसित भएका खान चार महिना अघि स्वाश प्रस्वासको रोगबाट सिकिस्त भए पछि नारायणी अस्पतालको आइसियुमा भर्ना भएका थिए ।

अस्पतालबाट डिस्चार्ज भइ हाल उनी घरमै अक्सिजन सिलिन्डरबाट स्वास्थ्यलाभ गरिरहेका छन् । खानकी पत्नी अजमा खातुन पनि क्यान्सर पीडित भएर चितवनको भरतपुरमा उपचारत रहेकी छन् ।

# निःशुल्क स्वास्थ्य शिविर सञ्चालन




**टुडे समाचारदाता**

काठमाण्डु । ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १७औं वार्षिकोत्सवको अवसरमा बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत लुम्बिनी प्रदेश र कर्णाली प्रदेशमा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

बैंकले लुम्बिनी प्रदेश अन्तर्गत पाल्पा जिल्ला रैनादेबी छहरा गाँउपालिका वडा नं. ४ स्थित छहरा स्वास्थ्य चौकी र कर्णाली प्रदेश सुर्खेत जिल्ला बिरेन्द्रनगर नगरपालिका वडा नं. १३ जर्बुटा स्वास्थ्य चौकी उक्त शिविर आयोजना गरेको हो ।

लुम्बिनी प्रदेशमा २०० र कर्णाली प्रदेशमा १५० भन्दा बढि महिलाहरुले आफ्नो स्वास्थ्य चेकजाँच गर्नुभएको छ ।

यही पौष १७ गते मंगलबारदेखि ग्लोबल आइएमई बैंक १७ औं वर्ष पुरा गरी १८ औं वर्षमा प्रवेश गरेको छ ।

उक्त अभियानअन्तर्गत बैंकले नेपाल परिवार नियोजन संघसँगको सहकार्यमा सातवटै प्रदेशहरुमा एकदिने निःशुल्क महिला स्वास्थ्य शिविर सञ्चालन गरिरहेको छ ।

शिविरमा स्त्रीरोग विज्ञहरुले स्त्रीरोगसम्बन्धी विभिन्न सेवाहरु- महिलाको स्वास्थ्य परिक्षण, पाठेघरको क्यान्सर (भीआईए) परीक्षण, गर्भाशय प्रोल्याप्स केसको उपचार, औषधी वितरण लगायतका सेवाहरु निःशुल्क रुपमा उपलब्ध हुनेछन् । प्रत्येक शिविरबाट पाठेघरको क्यान्सरको प्रारम्भिक लक्षण पत्ता लागेका र पाठेघरको क्यान्सरको गम्भीर बिरामी पहिचान गर्नेछ, जसलाई स्वस्थ नारी पहल कार्यक्रमको दोस्रो चरणमा शल्यक्रिया गरी उपचार गरिनेछ ।

ग्लोबल आइएमई बैंकले स्थापनाकाल देखि नै संस्थागत सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न समयमा यस्ता स्वास्थ्य शिविरहरुको आयोजना गरी ग्रामीण भेगका महिला तथा आम नागरिकहरुलाई प्रत्यक्षरुपमा लाभान्वित गर्दै आएको छ ।

# प्रतिष्ठानको साख जोगाउन स्वास्थ्यमन्त्रीको अनुरोध

**टुडे समाचारदाता**

धरान । स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको साख जोगाउन सबै लाग्नु आवश्यक भएको बताएका छन् ।

नेपाली कांग्रेस धरानले विहिबार आयोजना गरेको कार्यक्रममा मन्त्री बस्नेतले चिकित्सा शिक्षा ऐनका केही कमीकमजोरीका कारण चिकित्सा शिक्षामा समस्या उत्पन्न भएको बताए । ऐनमा आवश्यक व्यवस्था नहुँदा चिकित्सा शास्त्र पढ्न विद्यार्थी बाहिरिनेक्रम बढेकाले सुधार गर्न आवश्यक भएको बताए ।

नेपाली कांग्रेसका नगर सभापति श्याम पोखरेल, सुनसरी क्षेत्र नं.१का सभापति सुजेन्द्र तामाङले बिपी प्रतिष्ठानको विद्यार्थी कोटा कतौती भएको भन्दै ध्यानाकर्षणपत्र प्रस्तुत गरेका थिए ।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : अवसर प्राप्त । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| बृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : धन वृद्धि सञ्चय । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




जनकपुरधामबाट अयोध्या जाँदै गरेको ११०० कोसेली र भगवान् रामचन्द्र र माता सीतासहितको प्रतिमा बोकेको भार यात्रालाई महोत्तरीको सदरमुकाम जलेश्वरमा स्थानीयवासीद्वारा स्वागत तथा पूजा अर्चना गरिँदै ।
*तस्बिर : रासस*

# कमला पुलको अवरोध छिचोलिरहेका डाक्टर

जनकपुरधाम । तपाईँ हुलाकी राजमार्ग हुँदै सिरहा जानुभएको छ भने धनुषा र सिरहा जोड्ने कमला नदीमाथिको पुलछेउमा एउटा कालो रङ्को चारपाङ्ग्रे गाडी पक्कै देख्नुभएको होला । यो गाडी विगत आठ महिनादेखि सार्वजनिक बिदाबाहेक अन्य दिनमा यही पुल छेउमा देखिने हुँदा गाडी किन र कसले राख्ने गरेका होलान् ? भन्ने तपाईँलाई पक्कै जिज्ञासा हुनुपर्छ ।

यहाँ नजिक न बस्ती छ, न व्यापार । बाह्र वर्षअघिदेखि बनेको उक्त नदीमाथिको पुल सञ्चालनमा नआउँदै भास्सिएकाले यहाँबाट चारपाङ्ग्रे गाडी गुड्ने कुरै छैन तर पनि किन र कसले पुल छेउमा गाडी राखिरहेको छ भन्ने बुझ्दै जाँदा थाहा भयो, त्यो गाडी त डा रामकिशोर गोइतको रहेछ ।

उहाँ सिरहास्थित प्रादेशिक अस्पतालमा कार्यरत हुनुहुन्छ । त्यसैकारण डा गोइतलाई दिनहुँ कार्यस्थल सिरहा गइरहनुपर्छ । सिमाना जोडिएकै भए पनि जनकपुरधाम निवासी उहाँलाई ढल्केवर गोदार हुँदै त्यहाँ गइरहन दिनहुँ करिब ८७ किलोमिटर पार गर्नुपर्छ तर हुलाकी राजमार्ग हुँदै गएमा भने करिब २८ किलोमिटर बाटो छिचोले पुग्छ । यही छोटो दूरीको लाभ उठाउन डा गोइतले हुलाकी राजमार्गको बाटो रोजिरहनुभएको हो ।

आफ्नै गाडीमा कार्यस्थल पुग्न उहाँलाई भाँसिएको कमला पुल बाधक भएकाले विगत आठ महिनादेखि जनकपुरबाट गएर चारपाङ्ग्रे गाडीलाई कमला पुल छेउमा थन्क्याउने र पुलपारिबाट मोटरसाइकलको सहारामा कार्यस्थल आउजाउ गर्नुपर्ने बाध्यता छ ।

"के गर्नु ! ढल्केबर हुँदै पूर्वपश्चिम राजमार्गबाट जाँदा झण्डै तेब्बर दूरी पार गर्नुपर्छ । छोटो दूरीको सदुपयोग गरौँभन्दा पनि कमलाको पुल बाधक बनेकाले यहाँ गाडी पार्किङ गरेर जाने गरेको छु । खै कति वर्षसम्म यस्तो गर्नुपर्ने हो कुन्नि !", डा गोइतले कुराकानीमा भन्नुभयो ।

"करिब १२ वर्ष लगाएर बनाइएको पुल एकै वर्षमा भास्सिएको साढे दुई वर्ष भइसक्दा पनि पुनःनिर्माण नहुँदा यहाँका मानिसले यस्तै सास्ती खेपिरहनुपरेको छ । अहिले त जेनतेन यस्तै चलिरहेको छ । वर्षायाममा त महेन्द्र राजमार्ग वा भारतको जयनगर भएर सेवा गर्न जानुपर्ने बाध्यता छ । यो पीडा कसले बुझिदिने", उहाँले बताउनुभयो, "करिब १३ वर्षदेखि निर्माणाधीन पुल सञ्चालनमा आए पनि तीन वर्षअघि भास्सियो । सञ्चालनमा आउन फेरि कति वर्ष लाग्ने हो ठेगानै छैन । यसले मलाई मात्रै होइन, प्रदेशको राजधानी पुग्नुपर्ने इमर्जेन्सीका बिरामीलाई त झन् कठिन भइरहेको छ ।"

डा गोइतका आफ्नै पीडा छन् । त्योभन्दा बढी पीडा छ उहाँका



**मधेस प्रदेशको "लाइफ लाइन" मानिने कमला पुल चार सय ७० मिटर लामो छ । विसं २०६८ जेठ ३१ मा ४२ महिनाभित्र निर्माण सम्पन्न गर्नेगरी पप्पु लुम्बिनी जेभीसंग ठेक्का सम्झौता भएको थियो । तर सम्झौता भएको सात वर्षसम्म पनि पुल निर्माण नभएपछि हुलाकी राजमार्ग सडक निर्देशनालयले उक्त कम्पनीसंगको ठेक्का तोडेर निर्माणको जिम्मा लुम्बिनी बिल्डर्सलाई दिएको थियो ।**

गाडी चालक बैजनाथ साहलाई छ । गाडीको सुरक्षाका लागि पनि चालकले डा गोइत नफर्कुञ्जेल त्यही पुलमा कुरेर बस्नपर्छ । "के गर्नु जागिर र गाडीको बचाउ गर्नैपर्यो । कहिलेकाहीँ त डाक्टरसापले शल्यक्रिया गर्दा धेरै समय लगाएमा झिमिक्क रात पर्दासम्म यही कुरेर बस्नुपर्छ", चालक साहले आफ्नो पीडा सुनाउनुभयो ।

जनकपुरधामबाट आवतजावत गर्न डा गोइतलाई मात्रै होइन सोही अस्पतालमा कार्यरत अर्थोसर्जन डा रवि श्रीवास्तव र इण्डोक्रोलोजिष्ट डा सितेश गोइतलाई पनि उस्तै कठिनाइ भोग्नु परिरहेको छ । सिरहा अस्पतालमा विगत १० महिनादेखि कामकाज गर्दै आउनुभएका डा श्रीवास्तवले भन्नुभयो, "अस्पतालको आवास सुविधा राम्रो छैन । जनकपुरधामबाट दिनहुँ धाउने बाटोको हालत झन् खराब छ । यो १० महिनाको अवधिमा भोगेको दुःख भनिसाध्य छैन ।"

सङ्घीयता आएपछि घर पायक हुनेगरी सेवा गर्ने अवसर मिले पनि पुलको दूरावस्थाले आफूहरूलाई सास्ती दिनाका साथै सङ्घीय व्यवस्थामा पनि ढिलासुस्तीले विगतमा झै निरन्तरता पाउनु शोभनीय नभएको उहाँको गुनासो थियो । जनकपुरधामबाट सिरहा र सिरहाबाट जनकपुरधाम जान महेन्द्र राजमार्ग या त भारतको जयनगर पुग्नुपर्ने भएकाले अधिकांश नागरिकले यही बाटो प्रयोग गर्छन् । यो बाटो प्रयोग गर्दा करिब ६० किलोमिटर दूरी छोटिन्छ जबकि अरु बाटो प्रयोग गर्दा ८७ किलोमिटर लामो दूरी पार गर्नुपर्छ ।

"वर्षाबाहेक अन्य समयमा कमला नदीमा स्थानीयवासीले अस्थायी काठेपुल प्रयोग गर्छन् । त्यसका लागि मोटरसाइकल प्रयोग गर्नेहरुले एक पटकमा रु ५० तिर्नुपर्छ । कुनै बेला रु एक सय ५० तिरेर पनि आवतजावत गरेको छु", सप्तरीको शम्भुनाथ नगरपालिका अर्नाहाका सञ्जीवकुमार यादवले भन्नुभयो, "वर्षातमा त्यो सुविधा पनि प्रयोग गर्न नपाउँदा जनजीवन झन् कष्टकर हुन्छ ।"

मधेस प्रदेशको 'लाइफ लाइन' मानिने कमला पुल चार सय ७० मिटर लामो छ । विसं २०६८ जेठ ३१ मा ४२ महिनाभित्र निर्माण सम्पन्न गर्नेगरी पप्पु लुम्बिनी जेभीसँग ठेक्का सम्झौता भएको थियो । तर सम्झौता भएको सात वर्षसम्म पनि पुल निर्माण नभएपछि हुलाकी राजमार्ग सडक निर्देशनालयले उक्त कम्पनीसँगको ठेक्का तोडेर निर्माणको जिम्मा लुम्बिनी बिल्डर्सलाई दिएको थियो । सो कम्पनीले निर्माणको काम अन्तिम चरणमा पुर्याएर विसं २०७८ साउनमा उद्घाटनको तयारी गरिसकेको अवस्थामा त्यसअघि नै बाढीका कारण पुल भास्सियो । तेह्रवटा पाया र १२ स्पान (स्ल्याब) रहेको पुलको सिरहातर्फबाट दोस्रो र धनुषातर्फको चौथो पाया भास्सिएको थियो ।

गत वर्ष फागुनमा तत्कालीन उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठ (हाल उपप्रधान तथा गृहमन्त्री)ले तत्काल पुल निर्माणको काम सुरु गर्न ठेकेदार कम्पनीलाई निर्देशन दिएअनुसार सोही वर्ष चैत २६ गते प्राविधिक नक्सा स्वीकृत भई पुनःनिर्माणको काम सुरु पनि गरियो तर सो कार्य वर्षा सुरु भएसँगै ठप्प छ ।

विसं २०७८ असारमा भास्सिएको पुल निर्माण सुरु हुन डेढ वर्ष लाग्दा पनि २०७९ चैतदेखि पुनःनिर्माण सुरु भएर केही हप्तामै रोकिएको सो काम आगामी २०८१ असार मसान्तभित्र सक्नुपर्ने हुलाकी सडक निर्देशनालय सिरहाका निर्देशक कृष्णकुमार महतोले जानकारी दिनुभयो । रासस


## श्री माध्यमिक विद्यालय

रुदौली (बालगंगा), हंसपुर न.पा.-९, धनुषा

### शिक्षक आवश्यकता सम्बन्धी सूचना

यस विद्यालयलाई हंसपुर नगर कार्यपालिकाको कार्यालय, बघचौडा, धनुषाको च.नं. १४५५ मिति २०८०/०९/१२ को पत्रानुसार मा.वि.तहको विज्ञान विषयको सहयोग अनुदान कोटामा करारमा शिक्षक नियुक्ति गर्ने अनुमति प्राप्त भएकोले यस विद्यालयको वि.व्य.स. को मिति २०८०/०९/१७ को निर्णयानुसार तपसिल अनुसारको शिक्षक पदपुर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य नेपाली नागरिकबाट सूचना प्रकाशन भएको मितिदेखि १५ दिन भित्र रितपूर्वक हस्तलिखित निवेदन सहित दरखास्तको लागि आव्हान गरिन्छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | तह | संख्या | न्यूनतम शैक्षिक योग्यता | सेवा सुविधा | आवेदन दस्तुर | उमेर |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/०८०/०८१ | माध्यमिक | १ | विज्ञान विषय लिई स्नातक तह उर्त्तिण तथा अध्यापन अनुमति पत्र प्राप्त | नेपाल सरकारको नियमानुसार | रु. १५००।- | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको |

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरू**

१. नेपाली नागरिकताको प्रतिलिपी
२. शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी
३. माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी
४. तालिम तथा अनुभव सम्बन्धी पत्रको प्रतिलिपी
५. **परीक्षाको किसिम** : लिखित र अन्तर्वाता (शिक्षक सेवा आयोगको पाठ्यक्रम अनुसार)
६. **दरखास्त दिने अन्तिम मिति** : २०८०/०९/२० देखि २०८०/१०/०५ सम्म
७. परीक्षा दस्तुर वापतको रकम एन.एम.बी. (NMB) बैंक हंसपुर शाखाको च.हि.नं. ११७००८०८१३२०००१८ मा जम्मा गरी जम्मा गरेको सक्कल भौचर अथवा विद्यालयमा नगद जम्मा गरिएको नगदी रसिद निवेदन साथ पेश गर्नुपर्नेछ ।
८. प्रतिलिपी कागजातमा निवेदक आफैले प्रमाणित गरी व्यक्तिगत रेकर्ड फाइलमा राखी पेश गर्नुपर्नेछ ।
९. **आवेदन दिने ठाउँ** : विद्यालयमा बिहान १०:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म
१०. परीक्षा केन्द्र सम्पर्क मितिको दिन तोकिने छ ।
११. **सम्पर्क मिति** : २०८०/१०/०८
१२. **सम्पर्क नं.** : ९७६५७२८६५५, ९८१९८७८६३५

**नोट** : माध्यमिक तहको विज्ञान विषयको शिक्षक सेवा आयोगको करार सूचीमा रहेको उम्मेदवारलाई बढी ग्राहयता दिइनेछ ।

**प्राधानाध्यापक**


# हरवाचरवा अधिकार मञ्च सर्लाहीको सम्मेलन सम्पन्न

**टुडे समाचारदाता**

सर्लाही । मुक्त हरवाचरवाको न्यायिक पुनःर्स्थापना हाम्रो सरोकार । शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा हाम्रो अधिकार, भन्ने मुल नाराका साथ जिल्ला हरवाचरवा अधिकार मञ्च सर्लाहीको दोश्रो जिल्ला सम्मेलन ईश्वरपुरमा सम्पन्न भएको छ ।




कार्यक्रमका प्रमुख अतिथी राष्ट्रिय दलित नेटवर्क नेपालका केन्द्रीय अध्यक्ष एवं उच्च स्तरीय भूमि आयोगका पुर्वसदस्य गणेश बिश्वकर्माले मुक्त हरवाचरवाको नेपाल सरकार द्वारा २०७९ श्रावण २ गते तत्कालिन प्रधानमन्त्री शेर बहादुर देउबाद्वारा गरिएको हरवाचरवा मुक्तिको घोषणालाई कार्यान्वयन गरि पुनःस्थापनाको सार्थक प्याकेज घोषणा गर्नुपर्ने कुरामा जोड दिए । साथै उहाँले मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा समेत उल्लेख भएको हरवाचरवा पुनःर्स्थापनाका लागी तत्काल तथ्यांक संकलन गरि परिचयपत्र वितरण गरिनुपर्ने, राष्ट्रिय भूमि आयोग समक्ष मुक्त घोषित हरवाचरवाको लागि कम्तीमा १० कठ्ठा जमीन दिने गरि पहिचान गर्न गरिनुपर्ने र हरवाचरवा पुनर्स्थापनाको लागि प्रदेश सरकार भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय समक्ष अधिकार सम्पन्न हरवाचरवा पुनर्स्थापना समिति गठन गरिनुपर्ने कुरामा जोड दिए ।

कार्यक्रमका बिशीष्ट अतिथी एवं चन्द्रनगर गाऊँपालिकाका अध्यक्ष राजकुमार महतोले गाऊँपालिकाले कार्यबिधी निर्माण गरि मुक्त हरवाचरवाको पहिचान, प्रमाणीकरण र परिचयपत्र बितरणका मार्फत उनीहरुको पुनर्स्थापना गरिने कुरा बताए । साथै उनले यसका लागि प्रदेश र संघीय सरकारसंग पनि समन्वय गरिने कुरामा जोड दिए ।

कार्यक्रमको उदघाटन सत्रमा प्रतिनिधीसभाका पुर्व सदस्य प्रमोद शाह, द फ्रिडम फण्डका कार्यक्रम सल्लाहकार ब्रहमदेव राम, राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका सहसचिव रामदयाल सदा, जनता समाजवादी पार्टीका नेता रामचन्द्र महतो, दलित नेता भगलु माँझी, रामकेवल माँझी, वडाअध्यक्ष दर्शन सिंह लगायतले शुभकामना ब्यक्त गरेका थिए । जिल्ला हरवाचरवा अधिकार मञ्चका अध्यक्ष रामदयाल माँझीको अध्यक्षतामा सम्पन्न कार्यक्रमा जिल्ला एक्टीभिष्ट नबिना माँझीले स्वागत गरका थिए ।

सम्मेलनले रामदयाल माँझीको अध्यक्षतामा १२ सदस्यीय जिल्ला हरवाचरवा अधिकार मञ्च सर्लाही गठन गरेको छ ।

जसको उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षमा क्रमस सोनी माँझी, देवेन्द्र राम, भगलु माँझी र सितादेवी राम चयन भएका छन् । सदस्यहरुमा रामबाबु पाशवान, रिनादेवी माँझी, रजरनियदेवी माँझी, सत्या माँझी, सतनी गिरी, रिता माँझी र मिरादेवी माँझी रहेका छन् ।

# अभियानको चुरे संकल्प पद यात्रा सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । चुरे तथा वनजंगल संरक्षण र सम्वर्द्धन तथा मधेशलाई मरुभुमी हुनबाट बचाउनका लागि आवाज उठाउ नाराका साथ चुरे तथा वनजंगल संरक्षण अभियानले चुरे संकल्प पद यात्रा सुरु गरेको छ ।




सप्तरीको भारदहबाट विहिबार देखि सुरु गरिएको पद यात्रा वीरगंज सम्म रहने जनाइएको छ । विहिबार दिउसो देखि अभियानीको टोली सहित हिडेको पद यात्रा विहिबार साझ राजविराज पुगेको अभियानका संयोजक सुनिल कुमार यादवले जनाएका छन् । चुरे दोहन बन्द गर,चुरे मास्ने होसीयार लगायतका पोस्ट कार्ड प्रर्दशन गर्दै यात्रा अगाडी बढिरहेको बताइएको छ ।

विहिबार देखि सुरु भएको पद यात्रा सप्तरीको भारदह देखि राजमार्ग हुदै विरगंजमा सम्पन्न हुने कार्यक्रम रहेको संयोजक यादवले जनाए । चुरे संरक्षणका लागि पटक पटक आन्दोलन गर्दै आएका अभियानी यादवले सिरसिया नदीको पानी संरक्षणका लागि वीरगंज देखि काठमाण्डु सम्म पद यात्रा गरि काठमाण्डुको माईतीघर मण्डलामा रिले अनसन समेत गरेका थिए ।


## श्री मोहन माध्यमिक (०-१२) विद्यालय सुगानिकास

हंसपुर नगरपालिका-५, धनुषा


### शिक्षक आवश्यकता सम्बन्धी सूचना

हंसपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बघचौडाको च.नं. १३५७ मिति २०८०/०९/०२ गतेको प्राप्त पत्रानुसार यस विद्यालयलाई प्राप्त माध्यमिक तहको शिक्षण सहयोग अनुदान कोटामा विज्ञान विषयको शिक्षक नियुक्ति गर्नका लागि यस विद्यालयको शिक्षक छनौट समितिको मिति २०८०/०९/१८ गतेको निर्णयानुसार तपसिल अनुसारको शिक्षक पदपूर्ति गर्नुपर्ने हुँदा इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशन भएको मितिदेखि १५ दिन भित्र रीतपुर्वक निवेदन सहित तपसिल बमोजिमको दरखास्तको लागि आव्हान गरिन्छ ।

**तपसिल**

- **विज्ञापन नं.** :- **१/२०८०/०८१**
- **पद** :- माध्यमिक शिक्षक
- **विषय** :- विज्ञान
- **पद संख्या** :- १ (एक) (संघिय शिक्षण सहयोग अनुदानकोटा)
- **नागरिकता** :- नेपाली
- **तह/श्रेणी** :- माध्यमित तह/तृतीय
- **शैक्षिक योग्यता** :- मूल विषय विज्ञानमा B.Sc. वा सो सरहको परीक्षा उत्तीर्ण गरी अध्ययापन अनुमति पत्र प्राप्त गरेको
- **नियुक्तिको किसिम** :- करार
- **म्याद** :- संघीय सरकारले अनुदान दिएसम्म
- **उमेर** :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- **दस्तुर** :- रु. १५००।- (एक हजार पाँच सय मात्र)
- परीक्षा दस्तुर वापतको रकम एन.एम.बी. बैंक हंसपुर शाखाको चल्ती हिसाब नं. ११७००८१९८७१०००११ मा जम्मा गरी जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।
- **तलब सुविधा** :- संघिय शिक्षण सहयोग अनुदान कोटाको लागि नेपाल सरकारले तोकेको आधारमा
- **परीक्षाको किसिम** :- लिखित र मौखिक तथा प्रयोगात्मक (आवश्यकता अनुसार)
- **संलग्न गर्नुपर्ने कागजातहरू** :-
  १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
  २. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
  ३. माध्यमिक तहको अध्ययापन अनुमति पत्रको प्रतिलिपी
  ४. अनुभव भए सो प्रमाणपत्रको प्रतिलिपी
  ५. प्रतिलिपी कागजातमा निवेदक स्वयं आफैले प्रमाणित गरी व्यक्तिगत रेकर्ड फाइलमा राखी पेश गर्नुपर्ने ।
- **दरखास्त दिने मिति र समय** :- मिति २०८०/०९/१९ देखि २०८०/१०/०४ सम्म कार्यालय समय भित्र
- **आवेदन दिने स्थान** :- श्री मोहन मा.वि. सुगानिकास
- **सम्पर्क मिति** :- २०८०/१०/०७ आइतबार
- **परीक्षा हुने मिति र स्थान** :- सम्पर्क मितिमा तोकिने छ ।
- **सम्पर्क नम्बर** :- ९८०४८६९१७७/९८४४१२५१५६

**प्राधानाध्यापक**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### चेलीप्रति मिथिलाको स्नेह

भारतको अयोध्यामा भगवान रामको मन्दिरको उद्घाटन र भगवानको प्राणप्रतिष्ठाको अवसरमा विभिन्न स्थानबाट आवश्यक सामग्रीहरु पठाईदैछ । भगवान प्रतिको श्रद्धाभावलाई प्रकट गर्ने एउटा माध्यम फूल प्रसाद अर्पणलाई पनि मानिन्छ । हिन्दूहरुको अराध्य देव मर्यादा पुरुषोत्तम भगवान रामको जन्मभूमि अयोध्यामा लामो समयपछि पुनःभगवानको मन्दिर निर्माण भएको छ । अत्यन्त आकर्षक मन्दिरको उद्घाटन जनवरी २२ तारेखमा हुने निश्चित भइसकेको छ । त्यसको सम्पूर्ण तयारी अन्तिम चरणमा रहेको छ । भगवान रामको मन्दिर पुनःनिर्माणका लागि राममन्दिर ट्रष्टले निर्धारित समयमै सबै काम सकेको छ । भगवान राम ललाको बाल्यअवस्थाको मूर्ति गर्भगृहमा राखिएको छ । मन्दिरमा विभिन्न देवदेवीहरुको मूर्ति कुँदिएको छ । मन्दिरको निर्माणमा वास्तुकलाको विशेष ध्यान दिएकोछ । भगवान रामको मन्दिर परिसरलाई अत्यन्त आकर्षक बनाइएको छ । त्यस मन्दिरमा भगवान रामको प्राण प्रतिष्ठा हुन लागेको छ । अयोध्यासित जनकपुरधामको त्रेतायुगकालीन सम्बन्ध रहेको छ । त्रेता युगमा भगवान राम र जानकीको विवाह सम्पन्न भएको थियो । त्रेताकालदेखि नै भगवान सीतारामको विवाहमहोत्सवको संस्मरण गरिदै आएको छ । मिथिलामा छोरीज्वाईंको नव गृह प्रवेशको बेला विभिन्न सौगातहरु दिने चलन रहीआएको छ । त्यस मान्यता अनुसार जानकी मन्दिर जनकपुरधामबाट भगवान रामको गृह प्रवेशको अवसरमा भार (सौगात) पठाइएको छ । जानकी मन्दिरबाट पठाइएको भारमा सुनचाँदीका विभिन्न आभूषणहरुका साथै परम्परागत मिथिलाको पकवान, फलफूलहरु सहितको भार पठाइएको छ । जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवको नेतृत्वमा स्थानीय सञ्चारकर्मी, समाजसेवी, राजनीतिकर्मीहरु लगायतको टोली भारसहित प्रस्थान गरेको छ । मिथिलाबाट लगिएको भारको विशेष महत्व रहने छ । भगवान रामको ससुरालीबाट गएको परम्परागत भारले मिथिलाको संस्कृतिलाई अयोध्यामा स्थापित र प्रचारित गर्नेछ । मिथिलाबाट गएको भारको मूल्य भन्दा भाव महत्वपूर्ण छ । जनकपुरधाम भगवान रामको ससुराली हो । अयोध्याबासीले ससुरालीबाट गएको भारलाई स्नेहको रुपमा लिने छन् । मिथिला लगायत भारतको विभिन्न भागबाट अनेक सामग्रीहरु पठाइएको छ । तर जनकपुरधामबाट पठाइएको सामग्री अति नै विशिष्ट हो । जनकपुरधामबाट गएको भार मध्ये सुनचाँदीको गरगहनालाई संग्रहालयमा राखिने बताइएको छ । खाद्य सामग्रीहरु साधुसन्तहरुको भोजनमा जानेछ । दुबै सामग्रीको उपयोग सार्थक हुनेछ । जनकपुरधामबाट गएका भार र त्यो बोक्ने भरियाहरुले भगवान रामको पावन जन्मथलीमा पुगेर धन्य हुनेछन् । भगवान रामको प्राण प्रतिष्ठा र मन्दिरको समुद्घाटनको अवसरमा गएको भारले दुई देशबीचको सम्बन्धलाई प्रगाढ बनाउने भएकाले त्यसलाई विवादित बनाउनु उपयुक्त होइन् ।

# पपुलिजम् अर्थात् मस्तिष्कविहीन हृदय

**मनिकर कार्की**

केही दिनअघि ललितपुरको बालकुमारीमा कोरिया भाषा परीक्षा सम्बन्धी आवेदन विवादको विषयलाई लिएर युवाले प्रदर्शन गरे । समाचारहरूमा जनाइए अनुसार करिब तीन हजार युवाले नाराबाजी सहित प्रदर्शन गरेका थिए । सोही क्रममा प्रदर्शनकारीले आगजनी गरी मन्त्री प्रकाश ज्वाला चढेको मोटर जलाइदिए । मन्त्रीको मोटर आगजनी हुनबाट बचाउन नसकेको प्रहरीले संयमता गुमाएर भीड नियन्त्रण गर्न गोली चलाउँदा दुई जना युवाको मृत्यु भयो ।

सो घटनापछि अहिले सामाजिक सञ्जाल र सञ्चारमाध्यमहरूमा विभिन्न कोणबाट बहस भइरहेको छ । कतिपय टिप्पणीकर्ताले सरकारले दुई युवाको 'हत्या' गरेको आरोप लगाउँदै तत्काल गृहमन्त्रीको राजीनामा मागेका छन् । उता सरकारले भने घटनाको छानबिनका लागि उच्चस्तरीय छानबिन आयोग बनाउने र मृतकका परिवारलाई १० लाख दिने निर्णय गरेको छ । सो घटनापछि राजनीतिक दलहरूले पनि आ-आफ्नै विश्लेषण सहित विज्ञप्ति जारी गरेका छन् ।

कतिपयले घटनाको निष्पक्ष र स्वतन्त्र छानबिनको माग गरेका छन् भने कतिपय राजनीतिक दलहरूले सरकारलाई 'व्यक्तिहत्या'को आरोप पनि लगाएका छन् ।

बालकुमारीको घटना अकल्पनीय र खेदजनक घटना हो । अनि सो घटना घट्नुमा प्रहरी प्रशासनको कमजोरी पनि स्पष्टै देखापर्छ । राजधानीमै एकाध हजार युवाले गरेको प्रदर्शनलाई संयमित भएर विना मानवीय क्षति नियन्त्रण गर्न नसक्नु प्रहरीको लाचारी हो । त्यति सामान्य घटनालाई नियन्त्रण गर्ने क्षमता गुमाउनु प्रहरी प्रशासनको कमजोरी हो । जब बिहानैदेखि प्रदर्शन हुन सुरु हुँदै थियो भने आवश्यक थप सुरक्षाकर्मी प्रबन्ध नगर्नु अर्को कमजोरी थियो ।

हो, केही प्रदर्शनकारीले सरकारी सवारी साधनमा आगजनी गरेर सार्वजनिक सम्पत्तिमा नोक्सानी पुऱ्याए । त्यो उनीहरूको गल्ती हो, जुन गल्तीको कानुनी उपचार पनि हुन्थ्यो र छ । तर, त्यही बहानामा प्रदर्शनकारीहरू नै हताहती हुने गरी अत्यधिक बल प्रयोग गर्नु प्रहरीको गैरजिम्मेवारी हो । यो सुरक्षा कमजोरी हो । यसर्थ, उक्त घटनालाई सरकारका अन्य कमि-कमजोरीसँग जोडेर बदख्वाईं गर्नु चैं राजनीतिक बेइमानी हुनेछ । निश्चय नै सरकारका कमि-कमजोरीका लागि आलोचना गर्ने अनेक प्रसंग र प्लेटफर्महरू छन् । तर, बालकुमारी घटनामा राजनीति गर्नु चैं किमार्थ सही होइन ।

जुन कुरा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले उत्तेजित शैलीमा सामाजिक सञ्जाल मार्फत पार्टीपंक्तिलाई आन्दोलित हुन आह्वान गरेको प्रसंगबाट उजागर हुन्छ । उनले बालकुमारीमा भएको आकस्मिक एवं खेदजनक घटना माथि गर्न खोजेको राजनीतिकरणले नयाँ भन्नेहरूको पूर्वाग्रही एवं मौकापरस्त चिन्तन उजिल्याइदिएको छ । किनकि रविजीले सरकारको 'नालायकीपन' भन्दै बालकुमारी घटनासँग नक्कली भुटानी शरणार्थीदेखि वाइडबडी जहाज खरिद, सुनकाण्ड, ललितानिवासहुँदै निर्माणाधीन बुटवल-नारायणगढ सडकखण्ड निर्माणमा भएको ढिलासुस्तीसम्मलाई एकैठाउँमा राखेर प्रश्न गरेका छन् ।

उनले बालकुमारी घटनापश्चात् पीडितका परिवारको दुःखद् अवस्थाको चित्रण गर्दै भनेका छन्– ''यी त सरकारका नालायकीपनका केही प्रतिनिधि काण्ड हुन् । हुँदाहुँदा, पेट पाल्न विदेश जान्छु भन्ने गरिब श्रमिकलाई बीच सडकमा गोली हान्ने ?' रवि लामिछानेले सामाजिक सञ्जाल मार्फत नै 'देशको दुर्गति बनाउनेहरूको भण्डाफोर' गर्ने घोषणा गर्दै रास्वपाले देशभर विरोध कार्यक्रमहरू सुरु गरेको बताएका छन् । रविजीको पछिल्लो अभिव्यक्ति जे बिक्छ, त्यही बेच्ने 'पपुलिष्ट' शैली हो ।

ठिकै छ, सरकार जनताप्रति जवाफदेही हुनुपर्छ, जनताका समस्या समाधान गर्नका लागि काम गर्नुपर्छ । सरकारलाई जवाफदेही बनाउनका लागि पनि सचेत नागरिकको तर्फबाट आलोचनात्मक चेत जगाउनु आवश्यक हुन्छ । सरकारलाई तथ्य र तर्कले आलोचनात्मक टिप्पणी गर्दा सच्चिएर जनमुखी काम गर्ने अवसर पाउँछ । तर, कुनै फरक पृष्ठभूमि र सन्दर्भमा घटित घटनालाई नै जोडेर सरकार विरुद्ध जनतालाई उक्साउने गरी अभिव्यक्ति दिनु वा कथित आन्दोलनको धमास दिनु चैं किमार्थ उचित होइन । बालकुमारी घटनामा रविजीले त्यही गैर-राजनीतिक मुद्दालाई राजनीतिक रंग दिएर आफ्नो उही प्रचारमुखी 'पपुलिष्ट' चरित्र पुनः उदांगो पारेका छन् ।

पछिल्लो समय सार्वजनिक भएको 'सहकारी ठगी' प्रकरणमा रविजीकै सक्रियतामा खोलिएको ग्यालेक्सी फोरके टेलिभिजन सञ्चालक कम्पनी गोरखा मिडिया नेटवर्क मुछिएको छ । सो कम्पनीका सञ्चालक गितेन्द्रबाबु (जीबी) राई एवं उनको समूहले देशका मुख्य शहरहरूमा सञ्चालित सहकारीहरूका हजारौं बचतकर्ताको रु.७ अर्ब बढी रकम हिनामिना गरेको खबर तथ्य सहित सार्वजनिक भइसकेको छ । तथापि सम्बन्धित निकाय र प्रहरी प्रशासनले प्रभावकारी छानबिन गरी वित्तीय अपराध गर्नेमाथि कानुनी कारबाही र पीडितको बचत फिर्ताका लागि अग्रसरता देखाएको छैन ।

पपुलिजम्'को हाराले गरिने राजनीतिले समस्याको दिगो समाधान दिँदैन । राजनीतिशास्त्रमा पपुलिजम् एउटा यस्तो अवधारणा हो, जसले पारम्परिक राजनीतिक संस्कार र संस्थापनको विरुद्ध जनतालाई भड्काउन मद्दत गर्छ । किनकि यसमा मूलतः भावना हाबी हुन्छ, मस्तिष्क हैन । भावनाले मान्छेलाई उराल्ने र भड्काउने काम गर्छ

यद्यपि रविजीले त्यसप्रति पटक-पटक अनभिज्ञता प्रकट गरेका छन् । ठीकै छ, कम्पनीले गरेको कसुरमा व्यक्तिलाई मुछ्न नमिल्ला । तर, रवि लामिछाने अहिले सार्वजनिक ओहोदामा बसेको र उनी एक राजनीतिक दलको प्रमुख भएको नाताले कानुनी र नीतिगत हेराफेरीमा पनि 'मलाई थाहा छैन' को सहज उत्तरबाट उम्किन सक्दैनन् । उनी जोडिएको मात्र होइन, उनकै अग्रसरतामा खोलिएको संस्थाले आर्थिक हिनामिना गरेको कुरा सार्वजनिक भइसकेपछि त्यसको यथोचित छानबिनमा सघाउनु उनको सार्वजनिक दायित्व पनि हो । यदि जो-कोही पनि कानुनी रूपमा दोषी देखिन्छ भने ऊ सजायको भागीदार बन्नैपर्छ । झन् दोषी छैन भने त कानुनी उपचारबाट क्लिन चिट लिनु अझ बढी श्रेयस्कर हुनेछ ।

हुन त रवि लामिछानेले राजनीतिमा जसरी उडान भरे, त्यो आफैंमा 'पपुलिष्ट' कदम नै थियो । विगतमा सत्ता-संघर्षका अनेकन् घटनाबाट दिक्क भएका जनतामा मौजुदा दल र राजनीतिप्रति बढ्दै गएको असन्तुष्टिलाई रवि लामिछानेले आफ्नो 'ढोक्सा'मा पार्न सफल भए । उनको अहिलेको राजनीतिक सफलताको पछाडि उति ठूलो इतिहास र संघर्षको च्याप्टर छैन । बस् टेलिभिजन कार्यक्रम सञ्चालनका दौरान प्राप्त गरेको ख्याति र लोकप्रियतालाई उनले पूँजीकृत गरेका मात्रै हुन् । उनले कार्यक्रम सञ्चालनका दौरान तत्कालीन राज्य संयन्त्रका कमि-कमजोरी खरो रूपमा औंल्याए । राजनीतिक नेतृत्वको स्वार्थमुखी चरित्रलाई उदांगो पारिदिए । त्यति मात्र होइन, घटनाविशेषमा जनताका छोराछोरीले पाएको दुःख, कष्ट र पीडालाई उजिल्याउँदै जिम्मेवार निकायको जवाफदेहिता खोजिदिए ।

टेलिभिजन मार्फत उनले 'जनताको आवाज' बोले । अनि सहाराविहीन जनता उनै रविलाई आफ्नो सहारा ठान्न थाले । रविले पनि क्रमशः आफ्नो रफ्तार बढाउँदै गए, किनकि उनलाई केवल प्रश्न सोधिदिए पुग्दथ्यो । उनलाई उत्तरको खोजी जरूरी थिएन । अनि समस्या उजिल्याए पुग्थ्यो, समाधान प्रेस्क्राइब गर्नुपर्ने दरकार थिएन । फेरि आम मनोविज्ञानले पनि सकारात्मकता भन्दा नकारात्मकता नै बढी खोज्दछ । रवि लामिछानेले पनि आफ्ना कार्यक्रमहरू मार्फत त्यही 'नकारात्मकता' लाई नै पस्किने काम गरे । विषयवस्तुको संवेदनशीलतालाई उछालेर प्रश्न सोध्ने र हरेक घटनामा 'न्यायाधीश' बनी दलिल पेश गर्ने उनको शैली चर्चित पनि बन्यो ।

त्यही शैलीले उनको लोकप्रियता बढ्यो । देश-देशावरमा रहेका नेपाली उनका फ्यान बने । उनलाई कसैले सांसद, कसैले मन्त्री त कसैले प्रधानमन्त्रीको रूपमा पनि देख्न थाले । संभवतः उनले त्यही ख्याति र लोकप्रियतालाई 'क्यास' गर्दै राजनीतिमा आए । राजनीतिमा आएसँगै उनले उस्तै चर्का कुरा र आफ्नो 'मिडिया स्कूपिङ'को शैलीलाई भने बरकरार राखिरहे । उनको चर्चा, परिचर्चा चुलिँदै गयो । मुलुकमा दलहरूले प्रतिबद्धता गरे अनुरूपको आर्थिक एवं सामाजिक रूपान्तरण भएन । बढ्दो श्रम शक्तिलाई स्वदेशमै अवसर सिर्जना हुन सकेन । मुलुकको आन्तरिक उत्पादनमा बढोत्तरी हुन सकेन । अर्थतन्त्रको रक्त-कोषिकामा उत्पादन बेगरको व्यापार मात्रै देखापर्‍यो ।

श्रम बजारमा प्रवेश गर्ने नयाँ पुस्तालाई गतिलो र सुरक्षित रोजगारीको व्यवस्था हुन सकेन । अनि ती नयाँ पुस्ताको एक मात्र सपना विदेशयात्रा हुनपुग्यो । सक्नेले अध्ययनका लागि छोराछोरी विदेश पठाए, नसक्नेहरू मलेशिया र अरबको श्रमबजारमा बेचिन पुगे । उता विदेशिएको ठूलो पंक्तिको बलियो उपस्थिति भर्चुअल दुनियाँमा बढ्दै गयो । उनीहरूको उपस्थितिसँगै त्यसको प्रभाव घर, परिवार र समाजमा पनि बढ्यो । त्यही भर्चुअल प्रभावलाई 'क्यास' गर्दै केही व्यक्ति र दलहरू राजनीतिमा उदाए ।

उनीहरूले आफ्ना हरेक गतिविधि र निर्माण गर्ने भाष्य त्यही सामाजिक सञ्जाल मार्फत स्थापित गरे । फेरि सामाजिक सञ्जालमा आक्रोश र असन्तुष्टि पोख्न सहज पनि भयो । प्रविधिले व्यक्तिको उपस्थिति र पारिस्थितिकीय अवस्था भन्दा उसको लेखाइ र बोलीलाई नै मुख्य बनाइदियो । परिणामस्वरूप मौजुदा दल र नेतृत्वप्रति व्यापक वितृष्णा सिर्जना गरियो । अब मान्छेले निर्धक्क र विना कुनै संकोच असन्तुष्टि पोख्न थाले । र, त्यही 'सामाजिक सञ्जाल' मार्फत नै विकल्पको खोजी सुरु भयो ।

अनि त्यही सञ्जाल मार्फत नै 'देश बनाउने स्किम र योजना'हरू सार्वजनिक हुन थाले । आखिर जे गर्नु थियो, त्यही सञ्जाल मार्फत न गर्नु थियो । अनेकन् बान्की र कलेवरमा 'देश बनाउनेहरूको ठूलो जमात' सञ्जाल मार्फत नै तयार भयो । स्वाभाविक रूपमा सञ्जालमा जसको सक्रियता बढी छ, उसैले विकल्पको पनि बाजी मार्‍यो ।

निश्चय नै विचारले 'कारण' खोज्छ । यसले घटना वा विषयको गहिराइसम्म पुगेर कारण उत्खनन् गरी मानवीय मूल्य, मान्यता र विवेकको वकालत गर्दछ । पपुलिजम्ले भने विषयको गहिराइमा भन्दा पनि सतह वरिपरि समाधानको उपाय खोजेको हुन्छ

यसै पनि समाजको चरित्र बरालिने खालकै हुन्छ । उदाहरणका लागि कुनै पनि आन्दोलन वा संघर्षका नाउँमा जब सडकमा केही मानिस निस्किन्छन् तब त्यो विस्तारै भीडमा परिणत हुन्छ । जब मानिस भीडमा हुन्छ, तब उसको विवेकको स्थान उत्तेजनाले लिन्छ । आखिर मानिसमा भएको भनिने विवेक केवल आदर्श न हो । सहनशीलता चैं केवल शान्त भएको बेला देखिने पर्दा मात्रै हो । जब पर्दा उघ्रिन्छ, तब मान्छेको क्रूरता नजर पर्छ । वास्तवमा मानिस भावनामा बहकिन्छ र बहकिएपछि नै अनेकन उपद्रव गर्न पुग्छ ।

अब एकछिन त्यसैगरी सामाजिक सञ्जालमार्फत उदाएका काठमाडौं महानगरका मेयर बालेन शाहको चर्चा गरौं । उनले महानगरमा गरेका केही शैक्षिक एवं प्रशासनिक सुधारलाई सकारात्मक मान्नुपर्छ । उनले आफ्नो चुनावी एजेण्डामा मूलतः काठमाडौंको फोहोर व्यवस्थापन र सौन्दर्यकरणलाई उठाएका थिए । फोहोर व्यवस्थापनमा केही अस्थायी प्रगति भएसँगै काठमाडौं सफा, सुन्दर र व्यवस्थित बन्दै गएको अनुभूति गर्न सकिन्छ । तथापि काठमाडौं महानगरले नाक जोडिएको ललितपुर महानगर तथा वरिपरिका अन्य स्थानीय तहहरूलाई साथमा लिएर काम गर्न सकेको देखिँदैन । जबसम्म काठमाडौं उपत्यकाभित्रका सबै स्थानीय तहहरूले फोहोरमैला व्यवस्थापनमा एकीकृत प्रयत्न गर्दैनन् काठमाडौंमा उत्सर्जन हुने फोहोरमैलाको वैकल्पिक एवं दीर्घकालीन व्यवस्थापन हुनसक्ने छैन ।

उता सौन्दर्यकरण भन्दै सडकछेउ गमला राख्नेदेखि रंगरोगनसम्मका कामहरू भइरहेका देखिन्छन् । काठमाडौंका साँघुरा फुटपाथ र कतिपय आकाशेपुलको रेलिङमा समेत फूलका गमला देखिएका छन् । निश्चय नै यो हेर्दा राम्रै देखिन्छ । तर, यसले पैदलयात्रीहरूलाई भने थप सकस भएको अनुभूति हुन्छ । जस्तो कि आकाशेपुलको रेलिङ छेउमा गमला राखिदिँदा रेलिङ समाएर हिंड्न नमिल्ने भएको छ । त्यस्तै फूटपाथका गमलाले पनि पैदलयात्रीलाई निस्फिक्री भएर हिंड्न मिलेको छैन ।

त्यसो त फूललाई सुन्दरताको मानक ठानियो । अनि वातावरण सुन्दर बनाउने नाउँमा जताततै फूलकै मात्र उपयोग हुन थाल्यो । बगैंचामा फूल, सडक डिभाइडरमा फूल, फुटपाथमा फूल, घरको आँगनमा फूल, छतमा फूल, यत्रतत्र फूलैफूल । अहा ! विस्तारै काठमाडौं अब मन्दिरै मन्दिरबाट फूलैफूलको शहर बन्नेभो ! गज्जब राम्रो कुरा, फूलैफूलको सुन्दरता ! तर, के सुन्दरता फूलमा मात्रै भेटिन्छ ? अनि सौन्दर्यकरण भनेको रंगरोगन र फूल फुलाउनु मात्रै हो ? त्यहाँ जीवन चाहिँदैन ? त्यहाँ मान्छेको जीविका चाहिँदैन ? वास्तवमा सौन्दर्यको अर्थ केवल फूल र बगैंचा मात्र होइन, करेसाबारीको उत्पादन पनि हो भन्ने बिर्सनुहुँदैन ।

मलाई लाग्छ, शहर सुन्दर मात्र हैन, जीवन्त पनि हुनुपर्छ । त्यसैले काठमाडौंको यो सौन्दर्यकरणले हजारौं निमुखा जनताको रोजीरोटी खोसिदिएको तथ्य पनि बिर्सन मिल्दैन । काठमाडौंको सौन्दर्यकरणको डोजरले हजारौं गरिखाने जनताको सम्पत्ति कबाड बनाएका दृश्यहरू छरपस्टै छन् । कुनै जघन्य अपराधी र तस्करलाई लखेटे जसरी गल्ली-गल्लीमा सडक वा घरदैलो व्यापारीलाई लखेटेका अनेकौं दृश्य सञ्जालहरूमा सुरक्षित नै छन् । के तिनलाई काठमाडौंको सुन्दरतामा रमाउने हक छैन ? हो, काठमाडौं लगायत सबै शहर सुन्दर अनि व्यवस्थित हुनुपर्छ । तर, त्यहाँका जनताको गरिखाने अवसरको मूल्यमा भने किमार्थ हैन ।

यी सबै गतिविधिले मुलुकमा फस्टाउँदै गएको 'पपुलिजम' को संकथनलाई नै पुष्टि गर्दछ । तर, यसको सहाराले गरिने राजनीतिले समस्याको दिगो समाधान दिँदैन । राजनीतिशास्त्रमा पपुलिजम् एउटा यस्तो अवधारणा हो, जसले पारम्परिक राजनीतिक संस्कार र संस्थापनको विरुद्ध जनतालाई भड्काउन मद्दत गर्छ । किनकि यसमा मूलतः भावना हावी हुन्छ, मस्तिष्क हैन । भावनाले मान्छेलाई उराल्ने र भड्काउने काम गर्छ ।

पपुलिस्ट दल र नेतृत्वले आफूलाई 'जनताको आवाज'को रूपमा उभ्याएको दावी गर्दछ । तर, उसले यसो गर्नुको पछाडि चर्चा र प्रशंसाको अवसरलाई ग्रहण गर्नु हो । यसर्थ, जनताको भावना उराल्दै संस्थापन पक्षका विरुद्ध अभियान छेड्नु नै पपुलिस्ट कार्यनीति हो । पपुलिजम् राजनीतिक स्केल (पोलिटिकल स्पेक्ट्रम) को दायाँ या बायाँ दुवैतर्फ ढल्केको हुन्छ । दायाँतिर ढल्केको 'राइट-विङ पपुलिजम' र बायाँतिर ढल्केको 'लेफ्ट-विङ पपुलिजम' । अहिले नेपालको पपुलिजम् चैं दायाँतिर ढल्केको प्रतीत हुँदैन ।

अर्थशास्त्री पाउल कोलियरले पपुलिजम् र विचारधारा -आइडियोलोजी) लाई यसरी संश्लेषण गरेका छन्– 'पपुलिजम्ले मस्तिष्कविहीन हृदय (हेडलेस हर्ट) बोकेको हुन्छ भने आइडियोलोजीले हृदयविहीन मस्तिष्क (हर्टलेस हेड) बोकेको हुन्छ ।' निश्चय नै विचारले 'कारण' खोज्छ । यसले घटना वा विषयको गहिराइसम्म पुगेर कारण उत्खनन् गरी मानवीय मूल्य, मान्यता र विवेकको वकालत गर्दछ । पपुलिजम्ले भने विषयको गहिराइमा भन्दा पनि सतह वरिपरि समाधानको उपाय खोजेको हुन्छ ।

समकालीन नेपाली राजनीतिमा 'विकल्प' दिन भन्दै उदाएका दल र नेतृत्वको बोली, व्यवहार र शैली अनि मुलुकमा निर्माण हुँदै गएको 'विकल्प'को भाष्यले त्यही 'सतही उपाय'लाई औंल्याएको प्रतीत हुन्छ । यस्तो उपाय साँचो अर्थमा मौजुदा आर्थिक-सामाजिक रूपान्तरणको जेलिँदै गएको गाँठो फुकाउने 'विकल्प' चाहिं बन्न सक्दैन ।अनलाईन खवर बाट

# बुढासुब्बामा धार्मिक पर्यटकको बढ्दो आकर्षण

**सङ्गीता राई**

सिक्किमबाट आउनुभएका रिन्छेन गुरुङलाई सोमबार दिउँसो बुढासुब्बा मन्दिरमा दर्शनका लागि घन्टौंसम्म पालो पर्खिरहँदा पनि दिक्क लागेन । दोस्रो पटक बुढासुब्बाको दर्शन गर्न आउनुभएका गुरुङले भाकल पूरा गर्न आउनु भएको थियो । उहाँले भन्नुभयो, "बुढासुब्बाप्रति ठूलो धार्मिक आस्था र विश्वास भएकाले नै दर्शन गर्न आएको छु ।"

सन्ध्या गुरुङ पनि सिक्किमबाट धरान आएका बेला बुढासुब्बाको दर्शन गर्न मन्दिर आइपुग्नुभएको थियो । उहाँ पनि बुढासुब्बाप्रति अगाध आस्था रहेको बताउनुहुन्छ । परिवारसँगै बुढासुब्बा मन्दिरको दर्शन गर्न आउनु भएकी गुरुङले भन्नुभयो, "बुढासुब्बासँग मागेको कुरा पूरा हुन्छ भन्ने जनविश्वास छ । हामीलाई पनि विश्वास लागेरै यहाँसम्म आएका हौं ।"

धरानको विजयपुरस्थित बुढासुब्बा मन्दिर धार्मिक पर्यटकका लागि आकर्षणको केन्द्र बनिरहेको छ । नेपालका विभिन्न जिल्ला मात्र होइन, भारतका सिक्किम, दार्जिलिङलगायतका ठाउँबाट समेत बुढासुब्बा दर्शन गर्न आउने तीर्थालुहरुको स~्या बढिरहेको छ । बुढासुब्बाप्रति आस्था राख्ने दर्शनार्थीहरु पूर्वी पहाड र तराईबाट धेरै आउने गर्दछन् । त्यसबाहेक नेपालका विभिन्न जिल्लादेखि भारतका नेपाली भाषीहरु उत्तिकै हुन्छन् ।

सुनसरीको इटहरीबाट दर्शनका लागि बुढासुब्बा मन्दिर आउनुभएकी सुनिता राई आफू धेरैपटक बुढासुब्बा आइसकेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "हामी त वर्षैपिच्छे जस्तो भाले चढाउन यहाँ आउँछौं । यहाँ पूजा गरेपछि हामीले सोचेका कुराहरु पनि पूरा भएकै छन् । बुढासुब्बाप्रति गहिरो आस्था छ ।"

२०६४ सालदेखि बुढासुब्बा मन्दिरको द्वार बाहिर माला तथा फूलको पसल सञ्चालन गर्दै आउनु भएका प्रेमप्रसाद पराजुली भूटान र वर्मादेखिका भक्तजनसमेत बुढासुब्बा आउने गरेको बताउनुहुन्छ । बुढासुब्बामा दर्शन गर्न आउनेहरुको संख्या बर्सेनि बढिरहेको उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, "पहिला बुढासुब्बालाई जनजातिको देउता भन्ने गरिन्थ्यो तर अहिले सबै जातिका मान्छे पूजा गर्न आउँछन् । अहिले बुढासुब्बा सबैका साझा देउता भएका छन् ।"

एक दशकअघिसम्म बुढासुब्बाको बाँसमा नाम लेख्दा प्रेम अमर हुने विश्वास गरेर बाँसमा नाम लेख्ने प्रचलन थियो । त्यसो गर्दा बाँस मर्न थालेपछि मन्दिर व्यवस्थापन समितिले बाँस वरिपरि तार जाली लगाएको छ । अहिले युवापुस्ता माझ प्रेम अमर हुने विश्वासका साथ बाँस वरिपरि मालाको डोरी बाँध्ने लहर चलेको छ ।

टाढादेखिका भक्तजन कुखुराको भाले, अण्डा, फलफूल लिएर पूजा गर्न यहाँ आइपुग्छन् । वरिपरि हरियालीले ढाकिएको बुढासुब्बा मन्दिर क्षेत्रमा बस्दा मनै आनन्द हुने गरेको दर्शनार्थीहरु अनुभव सुनाउँछन् ।

बुढासुब्बा मन्दिरमा पहिला बिहान मात्र पूजा हुने गरेकामा अहिले दिनभरजसो नै हुने गर्दछ । बुढासुब्बा मन्दिर व्यवस्थापन समितिका सचिव उत्तम आलेका अनुसार बुढासुब्बा मन्दिरमा दर्शन गर्न दैनिक सदरदर पाँच सयभन्दा बढी भक्तजन आउने गर्दछन् । विशेषगरी शनिबार र मङ्गलबारका दिन अझै धेरै भक्तजन आउने उहाँको भनाइ छ । कात्तिक र चैत महिनाका शनिबार र मङ्गलबारका दिन अन्य महिनाका शनिबार र मङ्गलबारभन्दा दोब्बर, तेब्बर आउने गर्दछन् ।

यो मन्दिरमा हिन्दू धर्मावलम्बी र किरात धर्मावलम्बिका साथै अन्य धर्मका मान्छेसमेत आउने गरेको सचिव आले बताउनुहुन्छ । "हिन्दू धर्मावलम्बीहरु बुढासुब्बालाई किरातेश्वर महादेवका रुपमा पूजा गर्छन्", आले भन्नुहुन्छ, "किरात धर्माबलम्बीहरुमध्ये कसैले यलम्बरको प्रतीकका रुपमा पूजा गर्छन्, त कसैले बुद्धिकर्ण रायको समाधिका रुपमा पनि पूजा गर्छन् । बुद्ध धर्मावलम्बी र मुसलमानहरु समेत मन्दिरभित्र पूजा नगरे पनि मन्दिर घुम्न आउने गरेका छन् ।"



बुढासुब्बाका बारेमा विभिन्न किंवदन्ती छन् । बुढासुब्बा एक शिकारी भएको कथा पढ्न पाइन्छ । बुढासुब्बा र उनकी बहिनी शिकार खेल्दै विजयपुर डाँडामा आइपुगेको र त्यहीं आफ्नो बाँसको धनुष गाढेर समाधि लिएको कथा पनि जनमानसमा पाइन्छ । उनै शिकारीले गाडेको धनुषबाट बाँस पलाएर झ्याङ भएको हुनाले बुढासुब्बा मन्दिर क्षेत्रमा भएका बाँसको टुप्पा नपलाएको जनश्रुति छ । बुढासुब्बाका बाँसमा टुप्पा हुँदैनन् । बुढासुब्बा वरपर माटोका मट्याङ्गाहरु अहिले पनि भेटिन्छन् । त्यही किंवदन्तीका आधारमा बुढासुब्बा मन्दिरसँगै उनकी बहिनी भनिने छुट्टै मन्दिर पनि छ ।

कवि लक्ष्मी आचार्यले बुढासुब्बालाई महाभारतका पात्र एकलव्यको समाथी भन्नुभएको छ । महाभारतको कथामा धनुर्विद्याका गुरु दोर्णाचार्यलाई नभेटे पनि गुरु मानेर धनुर्विद्या सिकेका एकलव्यले आफू निपूर्ण भएपछि दोर्णाचार्यलाई भेट गरेको र भेटमा गुरु भेटी चढाउन खोज्दा दोर्णाचार्यले बुढी औंला चढाउन लगाएको कथा पाइन्छ । तिनै दोर्णाचार्यलाई आफ्नो बुढीऔंला चढाएका एकलव्यको समाधि भएको कवि आचार्यले आफ्ना लेखहरुमा उल्लेख गर्नु भएको छ ।

इतिहासकारहरुले भने बुढासुब्बालाई तत्कालीन किरात राज्यका राजा बुद्धिकर्ण रायको समाधिस्थल भनेर उल्लेख गरेको पाइन्छ । इतिहासकारहरुले कुनै समय विजयपुरमा छुट्टै सेन राज्य रहेको उल्लेख गरेका छन् । विजयपुरका राजा कामदत्त सेनको हत्यापछि १८२६ सालमा विजयपुरगढीको सिंहासनमा चौतारिया बुद्धिकर्ण राय बसेको इतिहास पाइन्छ । विसं १८३४ मा गोर्खाली फौजले बुद्धिकर्ण रायलाई मारेको उल्लेख छ । हाल बुढासुब्बा मन्दिरभित्र रहेको ढिस्को उनै बुद्धिकर्ण रायको समाधि वा चिहान भएको इतिहासकार इमनसिंह चेम्जोङले लेख्नुभएको छ । मन्दिरभित्र रहेको यही माटोको ढिस्कोमा कुखुराको बलि दिने, फूल अक्षता र रक्सी चढाउने प्रचलन छ ।

मन्दिर नजिकै माला तथा फूल व्यापार गर्दै आउनु भएका प्रेमप्रसाद पराजुली पहिला बुढासुब्बामा भाले, रक्सी, अण्डा, पान, सुपारीसँगै गाँजा पनि चढाने गरेको तर गाँजा प्रतिबन्ध भएपनि हाल चढाउन छाडिएको बताउनुहुन्छ । बुढासुब्बामा गरेको भाकल पूरा हुने दर्शनार्थीहरुको विश्वास रहेको बताउँदै उहाँ भन्नुहुन्छ, ''अहिले भक्तजनले आफ्नो कामना पुरा भएको सुनाउँदा अहिले पनि मन्दिरभित्र साक्षात बुढासुब्बा हुनुहुन्छ कि भन्ने जस्तो लाग्छ ।''

उहाँ बर्सेनि देश विदेशबाट आउने भक्तजन बढिरहे पनि व्यवस्थापन पक्ष फितलो रहेको बताउनुहुन्छ । बुढासुब्बामा टाढाबाट आउने भक्तजनलाई वासस्थानको व्यवस्था गर्नुपर्ने अवस्था रहेकाले सरकारले पनि त्यसतर्फ ध्यान दिनुपर्ने पराजुलीको धारणा छ । इतिहास अनुसार पनि बुढासुब्बाको इतिहास दुई सय वर्षभन्दा बढी देखिन्छ । बुढासुब्बाका पुजारी ७२ वर्षीय डम्बर आलेमगरका अनुसार उहाँहरुले १७ औं पुस्तादेखि मन्दिरमा पुजाआजा गर्दै आउनु भएको छ । यहाँ सुरुदेखि नै मगर पुजारी रहँदै आएका छन् । उहाँ भन्नुहुन्छ, "जुनसुकै आस्थाले जे मानेर पूरा गरे पनि कसैसँग विवाद गर्दैनौं, सबैको आआफ्नो आस्था हो ।"

मन्दिरको नियमित आम्दानी भनेको भक्तजनले चढाउने भेटी हो । शनिबारको दिन पाँचदेखि सात हजार रुपैयाँसम्म भेटी सङ्कलन हुने व्यवस्थापन समिति सचिव उत्तम आले बताउनुहुन्छ । पूजाका लागि दैनिक आवश्यकपर्ने सामग्री पुजारीले नै किन्ने गरेका छन् । यसरी संकलन भएको भेटीबाट पुजारीले आफ्नो परिवार पाल्ने र घर खर्च धान्ने गरेका छन् ।

पुजारी आले खलकका तीन परिवार छन् बुढासुब्बामा । उनीहरु वर्षेनी पालैपालो पुजा गर्छन् । जसले वर्षभर पूजा गर्छ, भेटी पनि उसैको हुन्छ । तीन वर्षमा मात्र फेरि पालो आउने भएकाले एक वर्षको भेटीले तीन वर्ष पुऱ्याउनु पर्ने अवस्था रहेको सचिव आले बताउनुहुन्छ । यो मन्दिरको कतै गुठी पनि छैन भने कुनै सरकारी निकायबाट पनि नियमित पैसा आउँदैन ।

मन्दिर क्षेत्रमा ४० हाराहारीमा फुल मालाका पसल छन्, त्यसबाट मासिक ५० हजार जति आम्दानी हुने गरेको व्यवस्थापन समिति सचिव आलेको भनाइ छ । मन्दिरमा व्यवस्थापन समितिले एक जना चौकीदार र एक जना सरसफाई कर्मचारी राखेको छ । पसलको त्यो आम्दानी कर्मचारीलाई तलब दिने ठिक्क हुने गरेको र बचेको पैसा मन्दिर र वरपरको व्यवस्थानमा खर्च हुने गरेको उहाँ बताउन हुन्छ ।

केही वर्षअघि कोशी प्रदेश सरकारले ३० लाख रुपैयाँ बजेट विनियोजन गरेपछि मन्दिर वरिपरको पर्खाल लगाइएको छ । बुढासुब्बाका बाँसमा जथाभावि नाम लेख्ने प्रचलन बढेर बाँस मर्न थालेपछि धरान उपमहानगरपालिकाको सहयोगमा बाँस संरक्षणको काम पनि थालिएको छ । हाल पुरातत्व विभाग र दाताको सहकार्यमा मन्दिरमा पित्तलको छाना, रेलिङ, खम्बा लगाएर निर्माण गरिएको छ ।

मन्दिरको भेटी र पसलहरुको भाडाबाहेक सरकारी तबरबाट नियमित सहयोग नभएकाले समस्या भएको व्यवस्थापन समिति सचिव आलेको भनाइ छ । उहाँ बुढासुब्बा मन्दिरमा दर्शनार्थीहरु बढिरहेकाले यसको व्यवस्थापनमा स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारले सहयोग गरे सहज हुने बताउनुहुन्छ । मन्दिरको व्यवस्थापनको जिम्मा सरकारबाट भए सजिलो हुने समितिको भनाइ छ ।

# प्रधानमन्त्रीसँग भारतीय विदेशमन्त्रीको शिष्टाचार भेट

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भारतका विदेशमन्त्री डा एस जयशङ्करले शिष्टाचार भेटवार्ता गरेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा भएको भेटमा उनीहरुबीच द्विपक्षीय सहकार्य र आपसी हितका विविध विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । भेटमा विशेष गरी प्रधानमन्त्री दाहालको पछिल्लो भारत भ्रमणका क्रममा भएका सहमतिहरुलाई कार्यान्वयनमा ल्याउनका लागि विहिबार बस्ने नेपाल-भारत संयुक्त आयोगको सातौँ बैठक फलदायी हुने विश्वास प्रधानमन्त्रीले व्यक्त गर्नुभएको प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहाकार रुपक सापकोटाले जानकारी दिए । गत जुनमा प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा भएका विद्युत् व्यापार, कनेक्टिभिटीलगायतका विषयमा छलफल भइ प्रधानमन्त्री दाहालले ती सम्झौतालाई चाँडो कार्यान्वयनमा ल्याउने गरी विहिबारको दुई देशबीचको संयुक्त आयोगको बैठकमा आवश्यक छलफल गरी अगाडि बढ्न भारतीय विदेशमन्त्रीलाई आग्रह गरेका थिए । उनले भारतसँग भएको विद्युत् व्यापारसम्बन्धी सम्झौता नेपाल र भारत दुवै देशका लागि तथा नेपालले बंगलादेशसम्म विद्युत् व्यापार गर्न सक्नेसम्मका लागि पनि कोशेढुङ्गा सावित हुने भन्दै यस सम्झौतालाई आपसी समझदारीअनुसार सहजरुपमा अघि बढाउन जोड दिनुभएको सल्लाहकार सापकोटाले जानकारी दिए ।

नेपाल-भारत संयुक्त आयोगको सातौँ बैठकमा सहभागी हुन भारतीय विदेशमन्त्री डा जयशङ्कर दुई दिने भ्रमणका क्रममा विहिबार नेपाल आइपुगेका हुन् । उनले राष्ट्रपति रामचन्द्र पौडेलसँग पनि शिष्टाचार भेट गरिसकेका छन् ।



# भ्रष्टाचारविरुद्धमा शून्य सहनशीलको नीति लिएको मन्त्रीको भनाई

**टुडे समाचारदाता**

सुदूरपश्चिम । सुदूरपश्चि प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री प्रकाशबहादुर देउवाले प्रदेश सरकार भ्रष्टाचारविरुद्धको शून्य सहनशीलताको नीति लिएर काम गरिरहेको बताएका छन् ।

धनगढीमा आयोजित भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसम्बन्धी प्रदेशस्तरीय अन्तरक्रियामा उनले भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम राख्न सबैको ऐक्यवद्धता र प्रतिवद्धताको आवश्यकता औल्याए । उनले भने, "भ्रष्टाचार नियन्त्रणका लागि सबैमा स्वअनुशासन, सदाचार र नैतिकता आवश्यक छ ।"

प्रदेश सरकारका आर्थिक मामिला मन्त्री नरेशकुमार शाहीले स्वअनुशासनमा बसेर काम गर्न सकिएमा धेरै हदसम्म अनियमितता रोकिने बताउँदै भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तरक्रियाबाट सरकारलाई योजना कार्यान्वयनमा सहजीकरण गर्न टेवा पुग्ने विश्वास व्यक्त गरे ।

अख्तियार दुरुपयोग अनुशन्धान आयोगका आयुक्त डा हरि पौडेलले प्रचलित कानुन विपरीतको काम गर्न कसैलाई पनि छुट नहुने बताए । उनले भने, "आ-आफ्नो काम कर्तव्यप्रति जवाफदेही बन्नसक्नुपर्छ, निस्वार्थ ढङ्गले काम गर्दा कुनैपनि समस्या आउँदैन ।"

कार्यक्रममा उठाइएका जिज्ञासाको जवाफ दिँदै आयुक्त डा पौडेलले बेनामी उजुरीले आयोग पनि पीडित रहेको उल्लेख गरे । उनले थपे, "यस्ता उजुरीलाई पूरै रोक्न सक्ने अवस्था पनि छैन, न्यूनीकरण गर्ने प्रयासमा छौँ ।"

कार्यक्रममा प्रदेशसभाका सदस्य धर्मराज पाठक, गीतादेवी चौधरी र खेमादेवी विष्ट, प्रदेश सरकारका प्रमुख सचिव डा हरि लम्साललगायतले पनि भ्रष्टाचार नियन्त्रणका लागि अपनाउनुपर्ने उपायबारेमा प्रकाश पारेका थिए ।

कार्यक्रमका सहभागी विभिन्न कार्यालयका प्रमुखले आयोगमा पर्ने गरेका बेनामी उजुरीले सुशासनमा असर पुऱ्याइरहेको, कतिपय मुद्दालाई तामेलीमा राख्ने कामले विकासका आयोजनाको थप काम अवरुद्ध हुने गरेको जस्ता समस्या देखिएकाले यसमा सुधार आवश्यक रहेको सुझाव दिए । उनीहरुले झुठा मुद्दा दिने उपर कारवाहीको व्यवस्था गर्नुपर्नेलगायतका सुझाव पनि दिएका थिए ।

# जयशंकरलाई मन्त्रीले गरे स्वागत

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतीय विदेश मन्त्री एस जयशंकरलाई स्वागत गर्न परराष्ट्रमन्त्री एनपी साउद आफै विमान स्थल पुगेका छन् । परराष्ट्र मन्त्रालयले भारतीय विदेश मन्त्री जयशंकरलाई स्वागत गर्न मन्त्रालयका सचिव विमान स्थल जाने बुधबार राति सम्म कार्यक्रम बनाएका थिए तर बिहीबार मन्त्री साउद आफै विमान स्थल पुगेका थिए ।

जयशंकरलाई स्वागत गर्न विमान स्थल पुग्दा राजनीतिक विश्लेषकहरुले आ-आफ्नो तर्क प्रस्तुत गरेका छन् । सामाजिक सञ्जालमा उनीहरुले परराष्ट्र मन्त्री आफै पुग्नुलाई विभिन्न तीन दृष्टिकोणबाट विश्लेषण गरेका छन् । उनीहरुले परराष्ट्रमन्त्री विमान स्थल पुग्नुका कारण मन्त्री मन्त्री बीचमा सम्वन्ध सुमधुर गर्नकालागि पुगेको विश्लेषण गरेका छन् । उनीहरुले एस जयशंकर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका धेरैनै विश्वासिलो मन्त्री रहेका कारण पनि मन्त्री आफै पुगेको हुन सक्ने बताएका छन् ।

अर्काले नेपाल भारत बीच विगतमा देखिएका केही तिक्ता यसले कम गर्ने र नेपाली कांग्रेस तथा भारतको सम्बन्ध बनाउनकालागि समेत उनी गएको हुन सक्ने बताएका छन् । भारतीय विदेश मन्त्री जयशंकर नेपाल आएपछि केही न केही हुने गरेको भन्दै सरकार फेरवदल हुन सक्ने सम्भावना देखाउँदै कांग्रेस सरकारको नेतृत्व लिनकालागि पनि उनी विमान स्थल पुग्न सकेको बताउँछन् ।

# लगानीमैत्री वातावरण चाहिन्छ : भण्डारी

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले) का युवा नेता एवं प्रतिनिधिसभा सदस्य दामोदर भण्डारीले विकास र समृद्धिका लागि देशभित्र बलियो लगानीमैत्री वातावरण बनाउन जरुरी रहेको बताएका छन् ।

सांसद भण्डारीले नेपालको आर्थिक एवं औद्योगिकसमेतका क्षेत्रमा विकास नहुनुमा देशभित्र उपयुक्त लगानीमैत्री वातावरण बनाउन पर्याप्त काम हुन नसक्नु मुख्य कारण रहेको बताए ।

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारको पालामा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीसमेत बनेका सांसद भण्डारीले भने, "देशभित्र लगानीमैत्री वातावरण निर्माण गर्नेतर्फ कानुनी र प्रक्रियागत झन्झटसमेतका अनेक बाधा व्यवधान रहेका छन् । त्यसमा आमूल सुधार नगरी स्वदेशी वा विदेशी जुनसुकै लगानी आकर्षित गर्न सकिँदैन । देशभित्र स्वच्छ र सहज औद्योगिक वातावरण नबन्दासम्म उद्योगधन्दा, कलकारखाना खोल्न सकिँदैन ।"

उद्योगधन्दा फस्टाउन र लगानी आकर्षित गर्नका लागि नेपालका पुराना कानुनहरु मुख्यरुपमा बाधक रहेको उनको ठम्याइ छ । "एउटा उद्योग खोल्न लाग्यो भने फाइल वन मन्त्रालय, वनसँग सम्बन्धित विभाग र कार्यालयहरुमा अड्किन्छ, अख्तियारमा अड्किन्छ, अलिअलि सुरु गऱ्यो फेरि सर्वोच्च अदालतले रोकेको हुन्छ", उनले भने, "यसले गर्दा लगानीकर्तालाई सुरक्षित वातावरण हुन सकेको छैन । ढुक्क भएर लगानी गर्ने स्थिति छैन । नेपालमा जुडीबुटी, कृषिमा आधारित उद्योग सञ्चालन गर्ने प्रचुर सम्भावना छ, यसको ब्रान्डिङ गर्न सकिएको छैन, यसको प्रचार गर्न सकिएको छैन ।"

यद्यपि तत्कालीन ओली सरकारको नेतृत्वमा उद्योग मन्त्रालय सम्हाल्ने जिम्मेवारी सांसद भण्डारीलाई दुई महिनामात्र प्राप्त भएको थियो । त्यसअघि उनी छ महिना अर्थराज्यमन्त्री भएर पनि काम गरे । "नेपालले चीन र भारतसँग प्रतिस्पर्धा गरेर उद्योगधन्दा सञ्चालन गर्न सक्दैन । यही बुझेर सातै प्रदेशमा उद्योग सञ्चालन गर्ने ओली नेतृत्वको सरकारले नीति अगाडि सारेको थियो", पूर्वमन्त्री भण्डारीले जोडे , "एउटा प्रदेशमा कम्तीमा एउटा नयाँ उद्योग सञ्चालन गर्ने नीति थियो, तत्कालीन सरकारले अघि सारेको योजनालाई वर्तमान सरकारले अघि बढाएन, सम्भावना भएका उद्योग पनि सञ्चालनमा आउन सकेका छैनन् ।"

वर्तमान सरकारले लगानी सम्मेलनको आयोजना गर्न लागेको बताएको छ । यो स्वागतयोग्य कदम हो, तर नेपालमा लगानी ल्याउने वातावरण बनाउन मौजुदा ३० वटा कानुन संशोधन गर्न जरुरी रहेको उनको भनाइ छ । सांसद भण्डारीले भने, "विडम्बना के छ भने अहिले संसद् र सांसद बेरोजगार भएर बसेका छन् । कानुन बनाउनुपर्ने ठाउँमा विधेयक छैन, सदनलाई बिजनेस छैन ।"

> ‘सामान्य सांसदलाई जाने बजेट त्यही हो, अरु त पहुँचको भरमा जाने गरेको छ’

उनले थपे, "देशमा अहिले कैयौँ कानुनहरु या त नयाँ बनाउनुपर्ने वा संशोधन गर्नुपर्ने अवस्था छ । कानुन अभावले काम अगाडि बढाउन पाइएन भनेर जताततैबाट गुनासो आइरहेको सुनिन्छ । यो भनाइ प्रतिपक्षी सांसदको मात्र होइन, सत्तापक्षकै सांसदको गुनासो पनि यही छ ।" देश बनाउने जनशक्ति दिनहुँ विदेशतिर गइरहेको देख्दा सांसद भण्डारीलाई नराम्रो लाग्छ । "दैनिकजसो युवाशक्ति विदेश पलायन हुँदैछ । यो प्रवृत्तिले देशको विकास सम्भव हुँदैन", उनले भने, "आम नागरिकमा निरासा बढ्दै गएको छ, यो विषयमा सरकारले गम्भीर भएर सोच्न जरुरी छ । अहिलेसम्म ठूलो सङ्घर्ष गरेर ल्याएको परिर्वतनको अनुभूति गराउन पनि सरकारले ध्यान दिन जरुरी छ ।"

प्रतिनिधिसभामा विजयी भएर आएपछि सांसदको हैसियतमा कानुन बनाउने जिम्मेवारी मुख्य भए पनि एक वर्षमा एउटा मात्र कानुन बनायौँभन्दा अप्ठ्यारो लाग्छ सांसद भण्डारीलाई । "राष्ट्रिय मुद्दाहरुमा व्यवस्थापिकामा छलफल, बहस हुन्छ नै । तर सँगै संसद्को एउटा मुख्य जिम्मेवारी कानुन बनाउने पनि हो । तर यो अवसर सांसदले पाएनन् । एक वर्षमा एउटा मात्र कानुन पारित भयो भन्दा लज्जित हुनुपर्ने अवस्था हुँदो रहेछ", उनले थपे, "शिक्षा, सङ्घीय निजामती ऐनलगायतका कानुन बनाउनुपर्ने थियो, हिउँदे अधिवेशन सुरु हुनुपर्ने हो, सरकारले सदनलाई विजनेस दिन नसकेर त्यतिकै छ ।"

सङ्घीयता कार्यान्वयनका सन्दर्भमा धेरै कानुन बनाउने बाँकी छ । मौलिक हक कार्यान्वयन गराउन तीन तहको संरचना छ तर कार्यान्वयन हुन सकेको छैन । "स्थानीय तहले प्रदेशको मुख ताक्ने,



प्रदेशले सङ्घको मुख ताक्ने गरिएको छ जुन स्वाभाविक पनि छ", नेता भण्डारीले आफ्नो अनुभव सुनाउँदै भने, "सङ्घीयताको मर्मबमोजिम तीन तहका सरकारको अनुभूति हुन सकेको छैन । सङ्घले अहिले पनि हरेक कुराको जिम्मेवारी लिएको छ । आधारभूत तहको शिक्षा र स्वास्थ्य स्थानीय तहलाई दिनुपर्ने हो । सुशासन कायम हुन सकेको छैन, जनतालाई गणतन्त्र आएको अनुभूति हुन सकेको छैन ।"

"कानुनको अभाव झेलिरहेका स्थानीय तह र प्रदेश सरकारले अहिले आफूखुसी काम गरिरहेका छन् । जनताले खानेपानी, बिजुली, भत्किएको विद्यालय मर्मत गर्नुपर्ने आशा जनप्रतिनिधिसँग गरेका हुन्छन्, त्यो सामान्य कुरा हो", उनले थपे , "सरकार जनताप्रति उत्तरदायी भयो भने काम गर्न सहज हुन्छ ।"

सांसद भण्डारीलाई विकास बजेट सरकारले आवश्यकताको आधारमा वितरण हुनुपर्छ भन्ने लाग्छ । "बजेट विनियोजन गर्दा आवश्यकताको आधारमा गर्नुपर्ने हो तर अहिले त सत्तामा रहेका मन्त्रीहरुको जिल्लामा धेरै बजेट परेको छ, कतिपय जिल्लामा विकास बजेट नै छैन", उनले भने, "पहुँच, बलियो र सत्ता भएको मन्त्री र सांसदको जिल्लामा मात्र विकास निर्माणका लागि बजेट विनियोजन हुन्छ, अरु सांसद र प्रतिपक्ष त्यतिकै हुन्छ, जुन प्राकृतिक न्यायको सिद्धान्तविपरीत छ ।"

विकास निर्माणका कार्यमा सरकारले गरिरहेको काम सन्तोषजनक मान्ने अवस्था नभएको सांसद भण्डारीलाई लाग्छ । "बैतडीमा मेरा मतदाता विकासको पर्खाइमा छन्, कहिले विकासको लहर जिल्लामा आउला भन्ने प्रतिक्षा गरिरहेका छन्," उनले मतदाताको दुःख सुनाउँदै भने, "बजेट विबनियोजन नहुँदा विद्युत् छैन, तर छिमेकी जिल्ला डडेल्धुरामा सधैँ धेरै बजेट जान्छ, गरिब जनताको अवस्था हेरेर बजेट दिने गरिएको छैन ।"

निर्वाचन क्षेत्र पूर्वाधार कोष पहुँच नभएका सांसदका लागि उपयोगी भएको उनलाई लाग्छ । "सामान्य सांसदलाई जाने बजेट त्यही हो, अरु त पहुँचको भरमा जाने गरेको छ", सांसद भण्डारीले थपे, "कोषको पैसाले भए पनि आफ्नो निर्वाचन क्षेत्रमा विकास त गर्न सकिन्छ । बैतडी जिल्लामा हेर्ने हो भने विद्यालय, कलेज, बाटो, खानेपानी, बिजुली थुप्रै जनताका लागि आधारभूत आवश्यकता पूरा गर्न सकिएको छैन ।


## Invitation for Bids

**Madhesh Province Government**

**Madhesh Institute of Health Sciences**

**Provincial Hospital**

**Madhesh Province**

**Janakpurdham, Dhanusha**

**Date of publication: 4 January 2024**

**Invitation for Bids No: MP/MIHS/NCB/GOODS-1/2080/81**

1. The Madhesh Institute of Health Sciences, Provincial Hospital invites electronic bids from eligible bidders for the procurement of Dialysis Ward's Medicine and Surgical Goods under National competitive bidding – Single Stage Two Envelopeprocedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham, Dhanusha, hospitaljanakpurzonal@gmail.com, 9851133791 or may visit PPMO eGP system www.bolpatra.gov.np/egp
4. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs.5000/-in the following Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** Rastriya Banijya Bank

**Name of Office:** Madhesh Institute of Health Sciences, Provincial Hospital

**Office Code no.:** 3700517012

**Office Account no.:** 1000100200010000

**Rajaswa (revenue) Shirshak no.:** 14229

5. Pre-bid meeting shall be held at Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham at 01:00 PM on 22 January 2024.
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on4 February 2024. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 01:00 PM on4 February 2024 at the office of Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham Dhanusha. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs.5,40,000/-, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days)
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid andbid security shall remain the same as specified for the original last date of bid submission.
9. The evaluation will be done on unit rate and the contract will be awarded to the bidder offering the lowest price of the individual commodities.

**(Hospital Director)**



## Invitation for Bids

**Laxminiya Rural Municipality**

**Office of Rural Municipal Executive**

**Laxminiya Bazar, Dhanusha**

**Date of publication: 05/01/2024**

1. Laxminiya Rural Municipality,Office of Rural Municipal Executive, Laxminiya Bazar, Dhanusha invites following electronic bid from eligible Nepalese bidders under National Competitive Bidding.

| S. N | Contract ID No. and Description of Works | Total Cost (Without VAT & contingencies) | Bid Document Price (Non Refundable) | Last Date and Time of Bids Document Submission | Bid Opening Date | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | Amount Nrs. | Validity Period |
| 1 | LAX/WORKS/01-2080/81 Sahid Dilip Yadav Pratisthanko Adhuro Bhawan Nirman | Rs. 4352520.79 | Nrs.3000 | 04th Feb 2024 (Within 12:00 hrs) | 4th Feb 2024 Within 13:00 hrs | 90 days From last date of bid submission | Rs 1,25,000.00 | 120 days From last date of bid submission |

3. Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

# विपक्षीलाई बाहिर राखेर हुने निर्वाचन अर्थहीन : विपक्षी नेता रहमान



**एएफपी**

लण्डन। बङ्गलादेशका निर्वासित विपक्षी नेता तारिक रहमानले आफ्नो पार्टीको बहिस्कारको बचाउ गर्दै एएफपीलाई दिएको विशेष अन्तर्वार्तामा बङ्गलादेशमा आइतबार हुने निर्वाचन प्रधानमन्त्री शेख हसिनाको शासनलाई बलियो बनाउन गरिएको 'ढोङ' मात्र भएको बताउनुभएको छ।

रहमान देशको दुई प्रमुख राजनीतिक वंशमध्ये एकका उत्तराधिकारी हुनुहुन्छ र उहाँले सन् २०१८ मा आफ्नी आमा खालिदा जियालाई जेलमा हालेपछि सबैभन्दा ठूलो विपक्षी दलको नेतृत्व गर्दै आउनुभएको छ ।छ वर्षअघि हसिनाका लागि आयोजित चुनावी ऱ्यालीमा भएको घातक ग्रेनेड आक्रमणको मुख्य योजनाकारको अनुपस्थितिमा उहाँलाई दोषी ठहर गर्दै आजीवन कारावासको सजाय सुनाइएको थियो।

उहाँको पार्टीले गत वर्ष प्रधानमन्त्रीको राजीनामाको माग गर्दै एक महिना लामो विरोध प्रदर्शन गरेको थियो जसमा कम्तिमा ११ जनाको मृत्यु भएको थियो र हजारौं समर्थकलाई गिरफ्तार गरिएको थियो ।केही वर्षयता एक प्रमुख अन्तर्राष्ट्रिय सञ्चारमाध्यमलाई दिएको पहिलो अन्तर्वार्तामा ५६ वर्षीय रहमानले आफ्नो पार्टीले पूर्वनिर्धारित नतिजाका साथ मतदानमा भाग लिनु अनुपयुक्त हुने बताउनुभएको थियो।

सन् २००८ देखि लण्डन बस्दै आउनुभएका लण्डनबाट रहमानले इमेलमार्फत् एएफपीलाई पठाएको विज्ञप्तिमा भन्नुभएको छ, “बङ्गलादेश अर्को छद्म चुनावको नजिक पुगेको छ ।”“बङ्गलादेशी जनताको आकांक्षाविपरीत हसिनाको नेतृत्वमा चुनावमा भाग लिनुले लोकतन्त्रका लागि लडेका, रगत बगाउने र आफ्नो जीवन उत्सर्ग गर्नेहरूको बलिदानलाई कमजोर पार्नेछ,” विज्ञप्तिमा भनिएको छ।

रहमानले आफ्नो बङ्गलादेश नेशनलिस्ट पार्टी (बीएनपी) र बहिष्कारमा सामेल भएका दर्जनौं अन्य दलविरुद्ध सत्तारुढ अवामी लिगले ठूलो संख्यामा चुनौती खडा गरेको बताउनुभएको छ ।निर्वाचनलाई वैधानिकता प्रदान गर्न सत्तारुढ दलसँग आबद्ध 'डमी' विपक्षी उम्मेदवारलाई चुनावी मैदानमा उतारेको आरोप उहाँले लगाउनुभयो।

सबै नतिजा पूर्वनिर्धारित भए पनि प्रतिस्पर्धाको छाप सिर्जना गर्ने हसिनाको प्रयास रहेको रहमानले बताउनुभयो । उहाँले अवामी लिगका उम्मेदवारलाई भोट नहाल्नेहरूबाट सरकारी सुविधा रोक्ने धम्की दिएर पार्टीले मतदान बढाउन खोजेको पनि दाबी गर्नुभयो। सन् २०२१ मा बङ्गलादेशी सुरक्षा बलमाथि मानवअधिकार उल्लङ्घनको आरोपमा प्रतिबन्ध लगाएको संयुक्त राज्य अमेरिका र अन्य देशहरूले पनि यस हप्ताको मतदानको सञ्चालनबारे चासो व्यक्त गरेका छन्।

सन् २००९ देखि सत्तामा रहेकी हसिनाले सन् २०१४ र २०१८ मा उहाँको पार्टीले जितेको चुनावमा अनियमितता भएको पर्यवेक्षकहरूले बताएपछि निर्वाचन विश्वसनीय हुने प्रतिबद्धता व्यक्त गर्दै आउनुभएको छ। “मतदान केन्द्रमा जानुहोस् र बिहान मतदान गर्नुहोस् र हामी स्वतन्त्र र निष्पक्ष रूपमा निर्वाचन कसरी गर्न सक्छौं भनेर विश्वलाई देखाउनुहोस्,” प्रधानमन्त्री हसिनाले शनिबार एक चुनावी ऱ्यालीमा भन्नुभयो।

> रहमान र हसिनाको परिवारले सन् १९७१ देखि १२ वर्षबाहेक विश्वको आठौं ठूलो जनसंख्या भएको देशमा शासन गर्दै आएका छन् ।सन् १९८१ मा हसिनाका पिताको हत्यापछि रहमानका पिताले देशको बागडोर सम्हाल्नुभएको थियो । सन् १९९० को दशकदेखि राजनीतिक सत्ताका लागि प्रतिस्पर्धा गर्नुअघि उहाँकी आमा जियाले एकपटक हसिनासंग मिलेर सैन्य शासनको अवधिपछि प्रजातन्त्र पुन:स्थापना गर्नुभएको थियो ।

**दुई परिवारको सहकार्य**

रहमान र हसिनाको परिवारले सन् १९७१ देखि १२ वर्षबाहेक विश्वको आठौँ ठूलो जनसंख्या भएको देशमा शासन गर्दै आएका छन् ।सन् १९८१ मा हसिनाका पिताको हत्यापछि रहमानका पिताले देशको बागडोर सम्हाल्नुभएको थियो । सन् १९९० को दशकदेखि राजनीतिक सत्ताका लागि प्रतिस्पर्धा गर्नुअघि उहाँकी आमा जियाले एकपटक हसिनासँग मिलेर सैन्य शासनको अवधिपछि प्रजातन्त्र पुनःस्थापना गर्नुभएको थियो।

हसिनाले सत्ता सम्हाल्नुभन्दा केही समयअघि नै रहमानले आफ्नो देश छोडेपछि लण्डनमा रहँदै आउनुभएको छ। उहाँ बङ्गलादेशी मूलका बेलायती र बेलायतमा पढाई र कामको शिलशिलामा रहँदै आएका बङ्गलादेशी समर्थक तथा शुभचिन्तकहरूको विवाह वा राष्ट्रिय बिदाको अवसरमा हुने कार्यक्रमहरूमा सार्वजनिक रूपमा विरलै देखिनुहुन्छ।

तर सन् २०१८ मा जियालाई भ्रष्टाचारको अभियोगमा जेल चलान गरिएको र अहिले बिग्रँदो स्वास्थ्यका कारण ढाकाको एक अस्पतालमा राखिएको अवस्थामा रहमानले उहाँको ठाउँमा बङ्गलादेशको सबैभन्दा ठूलो विपक्षी दल, बीएनपीको नेतृत्व गर्दै भिडियो र फोन कन्फरेन्समार्फत् आफ्ना कार्यकर्तासँग दिनहुँ कुरा गरिरहनुभएको छ।

गत वर्ष बीएनपीको विशाल ऱ्याली, औद्योगिक हडताल र सडक अवरोधका कारण राजधानी ठप्प भएको थियो ।अभियानले हसिनाको राजिनामा र निर्वाचनको पर्यवेक्षणका लागि तटस्थ कामचलाउ सरकार नियुक्त गर्न माग गरेको थियो । अक्टोबरमा भएको एउटा ऱ्याली रक्तपातमा परिणत भएको थियो, जसमा बीएनपीले करिब २५ हजार विपक्षी कार्यकर्ताहरूलाई पक्राउ गरिएको बताएको थियो । सरकारले यो संख्या ११ हजार रहेको जनाएको छ।

हसिनाले रहमानले विरोध अभियानसँगै हिंसाको योजना बनाएको आरोप लगाउनुभएको थियो र मतदानपछि बीएनपीमाथि प्रतिबन्ध लगाउने सम्भावनालाई बढावा दिनुभएको छ । उहाँले शनिबारको चुनाबी सभामा भन्नुभयो, “हामी उहाँलाई लण्डनबाट मानिसहरूलाई हानि पुऱ्याउन र मार्न आदेश दिन अनुमति दिनेछैनौं।”

**दमनको बहाना**

रहमानले प्रदर्शनका क्रममा भएको आगजनीका घटनाका लागि आफ्नो पार्टी जिम्मेवार रहेको भन्ने आरोपको खण्डन गर्दै यसलाई सरकारको दमनको बहानाका रूपमा व्याख्या गर्नुभएको छ।

उहाँको आफ्नै राजनीतिक जीवन लामो समयदेखि ओझेलमा परेको छ ।सन् २००८ मा अमेरिकी दूतावासमा लिक भएको केबलमा उहाँलाई 'कुख्यात र व्यापक रूपमा भयभीत क्लेप्टोक्रेटिक सरकारको प्रतीक' का रूपमा व्याख्या गरिएको थियो। जसले खरीद निर्णयहरू र राजनीतिक नियुक्तिहरूको बदलामा 'खुल्लारूपमा' घूस मागेको दावी गरिँदै आएको छ।

आफ्नी आमाको अन्तिम प्रधानमन्त्रीत्वकालमा उहाँविरूद्ध बारम्बार भ्रष्टाचारको आरोप लगाइएको थियो र निर्वासनमा रहँदा उहाँ भ्रष्टाचारको दोषी ठहरिनुभएको थियो। यद्यपि रहमानले आरोपको खण्डन गर्दै आफूमाथि राजनीतिक प्रतिशोधका कारण यड्यन्त्र भएको बताउँदै आउनुभएको छ । हसिना घाइते हुनुभएको र अन्य २० जनाको मृत्यु भएको सन् २००४ मा राजनीतिक ऱ्यालीमा भएको ग्रेनेड आक्रमणको अभियोगमा पनि दोषी ठहर गरिएको थियो।

उहाँले यो फैसला राजनीतिबाट प्रेरित भएको दाबी गर्दै हसिनाले आफूविरुद्ध अनुसन्धानको नेतृत्व गर्ने प्रहरी अधिकारीलाई यसै साता हुने निर्वाचनका लागि संसदीय मनोनयनसहित पुरस्कृत गरेको आरोप लगाउनुभएको छ।

उहाँले भन्नुभयो, “मलाई निर्मम र निर्लज्ज तरिकाले निशाना बनाइँदैछ। सत्ताको १५ वर्ष बितिसक्दा पनि यो सरकारले कुनै पनि वास्तविक प्रमाण पेश गर्न सकेको छैन।”

# क्यानको वार्षिक खेलतालिका सार्वजनिक



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल क्रिकेट सङ्घ (क्यान)ले वार्षिक खेलतालिका सार्वजनिक गरेको छ । क्यानले विहिबार पत्रकार सम्मेलन गर्दै सन् २०२४ मा नेपालले खेल्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितालाई समेट्दै वार्षिक खेलतालिका सार्वजनिक गरेको हो।

नेपालले आइसिसी विश्वकप लिग दुई, टि-२० सिरिज, एकदिवसीयलगायतका सिरिजलाई खेलतालिकामा समेटेको छ । नेपालले आगामी फेब्रुअरी १० देखि १४ तारिखसम्म क्यानडासँग तीन खेलको एकदिवसीय सिरिज खेल्नेछ । त्यस्तै नेपालले २७ फेब्रुअरीदेखि ५ मार्चसम्म नामिबिया, नेदरल्यान्ड्स र नेपालबीच त्रिकोणात्मक टि-२० सिरिज खेल्ने खेलतालिकामा उल्लेख छ। उक्त खेल नेपालमै हुनेछ। त्यस्तै १९ मार्चदेखि ३० अप्रिलसम्म नेपाल 'ए'ले आयरल्यान्ड 'ए'सँग पाँच एकदिवसीय र तीन टि-२० खेल खेल्ने छ।

यसैगरी क्यानले आफ्नो खेलतालिकामा आगामी मङ्सिरमा नेपाल प्रिमियर लिग क्रिकेट प्रतियोगिताको आयोजना गर्नेछ। क्यानका सचिव पारस खड्काले नेपालसँग कुनै देशले खेल्न चाहेमा त्यसलाई पनि खेलतालिकामा समावेश गरिने बताए।

# एन्फाको निर्णय माइन्युटबाटै गायब

**टुडे समाचारदाता**

काठमाण्डु । अखिल नेपाल फुटबल संघ (एन्फा) ले टिकट बिक्रीबाट उठेको रकमको २०



प्रतिशत रकम खेलाडीलाई दिने भनेर गरेको निर्णय नै गायब पारेको छ।

२ पुसमा बसेको एन्फाको केन्द्रीय कार्यसमिति बैठकले अब हुने अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्दा निशुल्क पास वितरण बन्द गर्ने र गेट टिकट बिक्री वितरणबाट उठेको रकमको २० प्रतिशत रकम प्रतियोगितामा सहभागी हुने उमेर समूह र राष्ट्रिय महिला तथा पुरुष फुटबल टिमका खेलाडीहरुलाई प्रदान गर्ने निर्णय गरेको थियो।

त्यो बैठकको निर्णयको प्रतिलिपी (माइन्युट) एन्फाका महासचिव किरण राईले १६ पुसमा वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, केन्द्रीय सदस्य र पदाधिकारीहरुलाई पठाएका थिए । तर त्यसमा २ पुसमा गरेको निर्णय भने उल्लेख गरिएको छैन । एन्फाको विधानअनुसार कार्यसमिति बैठक बसेको १५ दिनभित्र कार्यसमितिका सदस्यहरुलाई लिखित रुपमा माइन्युट पठाउनुपर्छ। सोही अनुसार महासचिव किरण राईले मंगलबार कार्यसमितिका सदस्यहरुलाई पठाएको १७ बुँदे माइन्युटमा खेलाडीको विषयमा कार्यसमितिले गरेको निर्णय हटाइएको छ।

यसमा एन्फाकै केन्द्रीय सदस्यहरुले आपत्ति जनाएका छन् । उनीहरुले कार्यसमिति बैठकमा छलफल नभएका विषयमा माइन्युट समेटिएको तर निर्णय भएको विषय हटाएको प्रतिक्रिया दिएका छन्।

तर एन्फा प्रवक्ता सुरेश साहले टाइप मिस्टेक भएकोले त्यो निर्णय छुट्न गएको बताए। 'त्यो निर्णय जानी जानी हटाएको होइन । टाइपिङमा गल्ती हुँदा छुटेको छ। पछि सच्याएर पुनः पठाइएको छ,' शाहले भने।

# नव निर्मित राममन्दिर पाँच मण्डपसहित १६१ फिट अग्लो हुने



**एएनआइ**


नयाँदिल्ली । अयोध्यामा निर्माणाधीन राम मन्दिरको स्वरूप परम्परागत नगरा शैलीमा रहेको र मन्दिरको लम्बाइ ३८० फिट, चौडाइ २५० फिट र उचाइ १६१ फिट रहेको श्री राम जन्मभूमि तीर्थ क्षेत्र कोषले जनाएको छ।

मन्दिरहरूमा शिखर शैलीका अग्लो पिरामिड आकारका टावरहरू रहनेछन् भने शिखरमा कलशसहित मन्दिरका स्तम्भ तथा पर्खालहरू मूर्तिकलाले सजिएका छन् ।तीन तले मन्दिरमा तीन सय ९२ स्तम्भ तथा ४४ ढोका बनाइएको छ। मन्दिरको सबैभन्दा विशेष स्थान भगवान् श्रीरामको प्रतिमूर्ति राखिने गर्भगृहमा उहाँको बाल्यकालको स्वरूप र पहिलो तल्लामा श्रीराम दरबार रहनेछ।

मन्दिरमा नृत्यमण्डप, रङ्गमण्डप, सभा मण्डप, प्रार्थना र कीर्तन मण्डप गरी पाँच मण्डप बनायएको छ । मन्दिरका स्तम्भ तथा पर्खाल देवी देवताहरूको मूर्ति सजिएका छन् । सिंहद्वार हुँदै ३२ वटा सिँढी चढेर पूर्वबाट मन्दिर प्रवेश गर्न सकिन्छ। असहजताको सुविधाका लागि लिफ्ट लगायतको व्यवस्था गरिएको छ।

सात सय ३२ मिटर लम्बाइ तथा १४ फिट चौडाइ भएको आयताकार पर्खालले मन्दिरलाई घेरेको छ। मन्दिर परिसरको चार कुनामा सूर्यदेव, देवी भगवती, गणेश मन्दिर बनाइएको छ । उत्तरमा माँता अन्नपूर्णको मन्दिर र दक्षिणमा हनुमानजीको मन्दिर रहनेछ।

# दक्षिण कोरियाली नेता लीको स्वास्थ्यमा क्रमिक सुधार



**एएफपी**

सियोल। घाँटीमा धारिलो हतियार प्रहार हुँदा घाइते बनेका दक्षिण कोरियाली विपक्षी दलका नेता ली जे-म्युङको स्वास्थ्यमा क्रमिक सुधार भइरहेको तर जटिलताबाट बच्न कडा निगरानीको खाँचो रहेको सियोल नेसनल युनिभर्सिटी अस्पतालका चिकित्सकले बिहीबार बताएका छन्।

लीलाई दक्षिणी बन्दरगाह शहर बुसानमा मङ्गलबार पत्रकारहरूसँगको कुराकानीपछि गाडीतर्फ जाने क्रममा समर्थकको रूपमा आएका एक व्यक्तिले धारिलो हतियार प्रहार गरी सख्त घाइते बनाएका थिए । उहाँको घाँटीको बायाँ भागमा चक्कुको चोट लागेको थियो । टाउकोबाट शरिरमा रगत जाने नसामा चोट लागेका लीलाई तत्काले स्थानीय अस्पतालमा लगिएको थियो । उपचार त्यहाँ सम्भव नभएपछि नेता लीलाई पछि राजधानी सियोल लगी करिब दुई घण्टा लामो शल्यक्रिया गरिएको थियो । शल्यक्रिया गर्ने चिकित्सक मिन सेउङ-कीका अनुसार लीको 'भाग्यवश स्वास्थ्यमा सुधार आएको छ ।” लीको मांसपेशीमा १.४ सेन्टिमिटर छेडिएको घाउ देखिएको र घाँटीमा रगत जमेको भएपनि शल्यक्रियापछि उहाँको स्वास्थ्यमा सुधार देखिएको हो। चक्कूले 'भित्री नशा (जुगुलर भेन) करिब ६० प्रतिशत भाग काटेको' सर्जन चिकित्सकले बताएका छन्।

“भाग्यवश धमनी, मस्तिष्क तन्त्रिका, घाँटी वा वायुमार्गमा क्षतिको कुनै सङ्केत थिएन ।”“लीको स्वास्थ्य तत्काल खतरामुक्त भए पनि अझै चिकित्सकीय निगरानी आवश्यक छ, मिनले भन्नुभयो, किनकि घाउमा सङ्क्रमण भई उपचारमा जटिलता आउनसक्छ ।”लीको शल्यक्रियापछि सियोल अस्पतालले बिहीबार पहिलो पटक स्वास्थ्य अवस्थाबारे दिएको जानकारीमा पार्टी नेतालाई बुधबार सघन उपचार कक्षबाट जनरल वार्डमा स्थानान्तरण गरिएको बताइएको छ।

लीको डेमोक्रयाटिक पार्टीले आक्रमणकारीको चक्कु उनको नसामा नभई उनको धमनीमा लागेको भए उहाँको मृत्यु हुनसक्ने बताएको छ ।योनहाप समाचार संस्थाका अनुसार बुसानको एक अदालतले हत्या प्रयासको अभियोगमा ६६ वर्षीय संदिग्ध व्यक्तिविरुद्ध अभियोजन पक्षले दायर गरेको पक्राउ पुर्जी बिहीबार पुनरावलोकन गर्ने भएको छ।

# जापानमा भूकम्पमा परी मृत्यु हुनेको संख्या ७८ पुग्यो, ५१ बेपत्ता

**सिन्ह्वा**

टोकियो । जापानमा सोमबार गएको ७.६ म्याग्निच्युडको भूकम्पका कारण ७८ जनाको मृत्यु हुनुका साथै ५१ जना अझै बेपत्ता भएको बिहीबार सरकारी अधिकारीले जानकारी दिएका छन्।

जापानका प्रधानमन्त्री फुमियो किशिदाले विपद्को पहिलो ७२ घण्टाभित्र जीवन बचाउन उच्च प्रयास गर्दै जीवन सुरक्षाका लागि आपूर्तिलाई अधिकतम बनाउन आग्रह गर्नुभएको छ।

जापानको विपद् व्यवस्थापन मुख्यालयको बैठकमा बोल्दै उहाँले



नागरिकको जीवन रक्षाका लागि उपलब्ध सबै स्रोत परिचालन गर्न अधिकारीहरूलाई निर्देशन दिनुभएको हो। भूकम्पपछिको पहिलो ७२ घण्टा उद्धारका लागि विशेष महत्वपूर्ण रहने तथा त्यस पछि बाँच्ने सम्भावना निकै कम हुने विज्ञहरू बताउँछन्।

“बिहीबार साँझ भूकम्पको ७२ घण्टा हुने हुँदा विपद्मा परेका सबैको जीवन बचाउन पूर्ण समर्पणका साथ काम गर्न सरकारले सुरक्षाकर्मी तथा उद्धारमा खटिएका सङ्घसंस्था तथा व्यक्तिहरूलाई निर्देशन दिएको छ,” प्रधानमन्त्री किशिदाले भन्नुभयो।

प्रभावित तटीय सहर वाजिमामा धेरै मानिस अझै पनि भग्नावशेषमा फसेको विश्वास गरिएको छ । वाजिमामा हालसम्म ४४ जनाको मृत्यु भएको पुष्टि भएको जापानको समाचार संस्था क्योदोले जनाएको छ ।रिपोर्टअनुसार वाजिमाको तटमा विपद् सफाई कार्यको लागि एउटा जहाज खटाइएको छ।

भग्नावशेष र अबरूद्ध सडकहरूका कारण खोजी तथा उद्धार कार्यमा चुनौती थपिएको छ। शक्तिशाली भूकम्पको तीन दिनपछि इशिकावा र वरपरका क्षेत्रमा सुनामीको चेतावनी दिइएको थियो।

भूकम्पपछि सुनामीले इशिकावाको सय हेक्टर क्षेत्र डुबानमा परेको र बाढीको प्रभाव अझ ठूलो हुने भूमि मन्त्रालयले जनाएको छ ।इशिकावाको नोटो क्षेत्रमा गत सोमबार गएको ७.६ म्याग्निच्युडको भूकम्पलाई जापान मौसम विज्ञानसम्बन्धी निकायले आधिकारिक रूपमा नोटो प्रायद्वीप भूकम्प २०२४ नाम दिएको छ।

# पाकिस्तानका पूर्व विदेशमन्त्रीको निधनप्रति चीनद्वारा शोक व्यक्त

**सिन्ह्वा**

बेइजिङ । पाकिस्तानका पूर्व विदेशमन्त्रीको निधनप्रति चीनले शोक व्यक्त गरेको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले बिहीबार पाकिस्तानका पूर्व विदेशमन्त्री सरताज अजिजको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै चीन-पाकिस्तान सम्बन्धमा उहाँको उल्लेखनीय योगदानको प्रशंसा गर्नुभएको छ। पूर्व अर्थमन्त्री र प्रधानमन्त्रीका विदेश मामिला सल्लाहकार समेत रहनु भएका अजिजको मङ्गलबार इस्लामाबादमा निधन भएको थियो।“ अजिज एक जना अनुभवी राजनीतिज्ञ, रणनीतिकार र पाकिस्तानका आर्थिक विशेषज्ञ हुनुहुन्थ्यो, साथै चिनियाँ जनताको पुरानो र असल मित्र पनि हुनुहुन्थ्यो,“ वाङले नियमित पत्रकार सम्मेलनमा भन्नुभएको छ।

प्रवक्ता वाङले अजिजले पाकिस्तानको समृद्धिप्रति समर्पित रहेको, चीन-पाकिस्तान सम्बन्धलाई प्रवर्द्धन गर्न कडा मिहिनेत र जोशका साथ काम गरेको र चीनको लागि उत्कृष्ट योगदान दिएको बताउनुभएको छ।पाकिस्तान मैत्री सहयोग, विशेष गरी चीन-पाकिस्तान आर्थिक करिडोरको शुरुवात र निर्माणका निम्ति पनि उहाँको उल्लेख्य योगदान रहेको छ।

# मूल्य नपाएपछि ह्याचरी उद्योग संकटमा

**टुडे समाचारदाता**



चितवन । कुखुराका चल्लाले मूल्य नपाएपछि धेरै ह्याचरी उद्योग चल्न सकेका छैनन् । लागत मूल्यभन्दा कममा चल्ला बिक्री गर्नुपरेपछि धेरै उद्योग बन्द हुन पुगेका हुन् ।

नेपालमा दर्ता भएका तीन सय ७० वटा ह्याचरी उद्योगमध्ये हाल ५३ वटामात्रै सञ्चालनमा छन् । पोल्ट्री क्षेत्रका ज्ञाता डा तिलचन्द्र भट्टराईका अनुसार धेरै ह्याचरी चल्लाले मूल्य नपाएपछि सञ्चालन हुन नसकेका हुन् । सञ्चालनमा आएका ह्याचरीको पनि उत्पादन ५० प्रतिशत मात्रै छ ।

ह्याचरी उद्योग कम सञ्चालन भएपछि विदेशबाट ल्याइने प्यारेन्टको संख्यामा निकै कमी आएको छ । भट्टराईका अनुसार सन् २०१९/२० मा ४६ हजार दुई सय लेयर्स प्यारेन्ट भित्रिएका थिए । सन् २०२०/२१ मा एक लाख ४८ हजार आठ सय ७०, सन् २०२१/२२ मा एक लाख १३ हजार चार सय ३३ र २०२२/२३ मा ६९ हजार ४० मात्रै लेयर्स प्यारेन्ट नेपाल भित्रिएका छन् ।

यस्तै ब्रोइलर प्यारेन्ट सन् २०२०/२१ मा १८ लाख १२ हजार दुई सय ९२, सन् २०२१/२२ मा १७ लाख पाँच हजार एक सय ५४ र सन् २०२२/०२३ मा एक लाख दुई हजार १४ भित्रिएका छन् । भट्टराईले ब्रोइलरमा ४० प्रतिशत र लेयर्समा ४४ प्रतिशत गिरावट आएको बताउनुभयो । प्यारेन्ट कम भित्रिएसँगै चल्लाको उत्पादनमा पनि निकै कमी आएको उनको भनाइ छ ।

यसले प्रत्यक्षरुपमा पोल्ट्री क्षेत्रमा प्रभाव हुने देखिएको छ । पोल्ट्री महासङ्घका उपाध्यक्ष टीकाराम पोखरेलले प्यारेन्ट आयातमा निकै कमी आएको भन्दै चल्ला उत्पादन कम हुँदासमेत मूल्य नपाएको बताए ।

समग्रमा आर्थिक मन्दीसँगै यो क्षेत्र प्रभावित भएको उनको भनाइ छ । कोभिडपछि एकोहोरो चल्लाको मूल्य घटेको पोखरेल बताउछन् । नेपाल ह्याचरी उद्योग सङ्घका पूर्वअध्यक्ष रहेका पोखरेलका अनुसार भारतबाट आउने अवैध चल्लाका कारण पनि बजार प्रभावित छ । सरकारले क्वारेन्टाइन ऐन संशोधन गरेर चोरी नियन्त्रण गरेमा उद्योग पूर्ववत् अवस्थामा फर्कन सहयोग पुग्ने उनी बताउछन् ।

यस्तै बैंकको व्याजदरलाई एकल अङ्कमा झार्नुपर्ने उनले बताए । उनले भने, “समयमै सरकारले पोल्ट्री क्षेत्रलाई हेर्न सकेन भने आत्मनिर्भर यो व्यवसाय समाप्त हुने अवस्थामा पुग्छ ।” पोल्ट्री क्षेत्रमा रु एक खर्ब ६० अर्बभन्दा बढी लगानी भएको भन्दै उहाँले ह्याचरी उद्योगमा मात्रै रु ६० देखि ७० अर्ब लगानी भएको बताए ।

कोभिडपछिको अवस्थामा रु २० देखि २५ अर्ब ह्याचरी उद्योगमा नोक्सान भएको पोखरेल बताउछन् । उनले थपे, “पोल्ट्री क्षेत्र रहेन भने रु एक खर्ब ६० अर्बभन्दा बढी व्यापार नोक्सान व्यहोर्नुपर्छ ।”

नेपाल ह्याचरी उद्योग सङ्घका केन्द्रीय अध्यक्ष ऋषिराम पौडेल चार वर्षदेखि लागतभन्दा कम मूल्यमा चल्ला बिक्री गर्न बाध्य भएको बताउछन् । आर्थिक मन्दीसँगसँगै युवा जनशक्ति पलायन हुँदा कुखुरा पाल्ने र खपत गर्ने दुवैमा कमी आएको उनको भनाइ छ ।

कम व्याजदरमा लिएको ऋण बढेको, दानाको कच्चा पदार्थ, औषधि लगायतको मूल्य बढेको, भारतीय सीमाबाट चोरी गरी चल्ला आएकालगायत कारण यहाँको ह्याचरी उद्योग धरासायी बन्ने अवस्थामा पुगेको उनी बताउछन् । उनले भने, “निजी क्षेत्रले मात्रै उद्योग धान्नसक्ने अवस्थामा अब उद्योग छैन ।”

साना व्यवसाय गर्न चाहने किसानसँग आर्थिक अभावका कारण पेसा नै पलायन हुने अवस्थामा पुगेको उनी बताउछन् । सङ्घका कोषाध्यक्ष राजेन्द्र लामिछानेका अनुसार अहिले ब्रोइलर चल्ला प्रतिगोटा रु ३५ देखि ४० मा बिक्री हुँदै आएको छ । यसको लागत मूल्य रु ६० देखि ६५ पर्न आउँछ । लेयर्स चल्लाको बजार मूल्य रु ७० देखि ७५ छ । यसको लागत मूल्य रु एक सय २० देखि एक सय ३० पर्न आउँछ ।

लामिछानेको भनाइमा ५० देखि ६० प्रतिशत नोक्सानमा पछिल्लो समय काम गर्नुपर्दा धेरै ह्याचरी बन्द भएका हुन् । नेपालमा विसं २०४२ देखि व्यावसायिकरुपमा ह्याचरीले चल्ला उत्पादन गर्न थालेका हुन् । यहीँ चल्ला उत्पादन हुन थालेपछि क्रमशः विदेशबाट चल्ला आयात रोकिएको थियो ।

# चामल खरिद गर्दै खाद्य कम्पनी

**टुडे समाचारदाता**



काठमाण्डु । न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्न नसकेपछि सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले चामल खरिदको प्रक्रिया अघि बढाएको छ । सरकारले तोकेका मूल्यमा धान बिक्री गर्न किसान इच्छुक नभएपछि दुर्गम क्षेत्रमा खाद्यान्नको जोहो गर्न दुई लाख ९१ हजार क्विन्टल चामल खरिदका लागि टेन्डर आह्वान गरिएको कम्पनीले जनाएको छ ।

कम्पनीले चालु आर्थिक वर्षका लागि पाँच लाख क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको थियो । गत मङ्सिर मसान्तसम्म कम्पनीले जम्मा ४६ हजार क्विन्टलमात्र धान खरिद गर्न सकेको छ । “सरकारले तोकेको न्यूनतम् समर्थन मूल्यमा धान खरिद बिक्री गर्ने किसान इच्छुक देखिएनन्”, प्रतिनिधिसभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिको आजको बैठकमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत मोहनप्रकाश चन्दले भने ।

धानको बजारमूल्य सरकारी दररेटभन्दा बढी हुँदा किसानले कम्पनीलाई नभई व्यापारीलाई दिएका उनले जानकारी दिए । “सरकारले तोकेको मूल्यभन्दा बढी मूल्यमा व्यापारीले धान किने”, कार्यकारी अधिकृत चन्दले भने, “सरकारी दररेटभन्दा बढी मूल्य तिरेर धान खरिद गर्ने व्यवस्था नहुँदा लक्ष्यअनुसार प्रगति हासिल गर्न सकिएको छैन ।”

लक्ष्यअनुसार धान खरिद हुन नसक्ने अवस्था देखिएपछि चामल खरिद गर्न लागिएको उनको भनाइ छ । दुर्गम क्षेत्रका जनतालाई खाद्यान्न उपलब्ध गराउन प्रतिस्पर्धाका आधारमा चामल किन्न लागिएको कार्यकारी अधिकृत चन्दले जानकारी गराए ।

भारतबाट नेपालाई प्राप्त भएको ९५ हजार मेट्रिकटन चामल आयात कोटामध्ये कम्पनीले आफ्नै स्रोतबाट २० हजार मेट्रिकटन चामल खरिद गर्न पहल भइरहेको उनको भनाइ छ । सरकारले थप बजेट उपलब्ध गराए २० हजार मेट्रिकटन चामल खरिद गरिने कार्यकारी अधिकृत चन्दले बताए ।

कम्पनीले चालु आवमा तीन लाख २६ हजार चामल खरिद गर्ने लक्ष्य लिएको छ । कम्पनीले गत आवमा तीन लाख क्विन्टल धान खरिद गर्ने लक्ष्य लिए पनि लक्ष्यको आधा पनि धान किन्न सकेका थिएन । उक्त वर्ष कम्पनीले जम्मा एक लाख ३४ हजार क्विन्टल धान र एक लाख ३७ हजार छ सय क्विन्टल चामल किनेको थियो ।

सरकारले चालु आवका लागि मोटा धान प्रतिक्विन्टल रु तीन हजार एक सय ९८ र मध्यम धान प्रतिक्विन्टल रु तीन हजार तीन सय ६२ समर्थन मूल्य तोकेको छ । कम्पनीले सरकारले तोकेकोभन्दा बढी मूल्य तिरेर धान खरिद गर्न नसक्ने तथा व्यापारीले बढी मूल्य दिँदा पनि धान पाउन मुस्किल भएको कम्पनीका अधिकारीको भनाइ छ ।

नेपालको तराई मधेस क्षेत्रमा बढीमात्रामा धान उत्पादन हुने गरेको छ । पश्चिम नेपालको बाँके, बर्दिया, कैलाली र कञ्चनपुर, पूर्वी तथा मध्यतराईका मोरङ, धनुषा, सिरहा, पर्सा र कपिलवस्तुमा व्यावसायिक प्रयोजनका लागि धानखेती हुँदै आएका छन् । भारतसँगको खुला सीमाका कारण पनि अवैधरुपमा धानको खरिद बिक्री हुने गरेको सरकारी अधिकारीको आशङ्का छ ।

समितिको बैठकमा सांसदहरुले तराई-मधेसका क्षेत्रमा उत्पादन हुने धान अवैधरुपमा भारततर्फ जाने गरेको तथा नेपालको चामल भारत जाने र भारतबाट महँगोमा चामल किन्नुपर्ने बाध्यता रोक्नुपर्ने बताएका थिए ।

छलफलमा कम्पनीका अध्यक्ष एवं उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव नारायण शर्माले खाद्यान्नको अभाव हुन नदिन कम्पनीले पर्याप्त मौज्दात राखेको जानकारी दिँदै आपूर्ति श्रृङ्खला नबिग्रने गरी काम भइरहेको बताए ।

नागरिकको खाद्य सम्प्रभूताको हक सुनिश्चित गर्ने र नेपाली कृषकले उत्पादन गरेका कृषि उपजको खरिद, प्रशोधन र बजारीकरणमा क्रियाशील रहेको कम्पनीले चालु आवमा दुर्गम क्षेत्रमा एक लाख ८८ हजार आठ सय क्विन्टल खाद्यान्न बिक्री गर्ने लक्ष्य लिएको छ । कम्पनीले चालु आवको मङ्सिर मसान्तसम्म दुर्गम क्षेत्रमा ५५ हजार दुई सय १० क्विन्टल खाद्यान्न बिक्रीवितरण गरेको छ ।

# नेप्से परिसूचकमा ओरालो यात्रा

**टुडे समाचारदाता**

काठमाण्डु । धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक विहिबार आठ दशमलव सात एक अङ्कले ओरालो लागेर दुई हजार ४९ दशमलव २८ मा सीमित भएको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव १२ अङ्कले ओरालो लागेर तीन सय ७९ दशमलव १६ मा सीमित भएको छ ।

कारोबार भएका १३ उपसमूहमध्ये चार उपसमूहको सेयर मूल्य उकालो लाग्दा नौ उपसमूहको सेयर मूल्यमा भने गिरावट आएको छ । कुल एक करोड ६० लाख ५२ हजार एक सय एक कित्ता सेयर रु पाँच अर्ब ५८ करोड ११ लाख सात हजार आठ सय चार मूल्यमा खरिद बिक्री भएका छन् ।

कारोबारका आधारमा सोनापुर मिनरल्स शीर्षस्थानमा छ । सो कम्पनीको रु ३३ करोड ४५ लाख १५ हजार छ सय ४५ बराबरको सेयर कारोबार भयो । यस्तै शिवम् सिमेन्ट रु १९ करोड ४८ लाख २६ हजार छ सय ८८, माउण्टेन इनर्जी रु १८ करोड ६४ लाख ८५ हजार चार सय ७३, एनआरएन इन्फास्ट्रचर रु १६ करोड २९ लाख ३८ हजार चार सय ४४ र युनाइटेड आइडीआई मर्दी आरबी हाइड्रोपावर रु १५ करोड ६९ लाख तीन हजार नौ सय २६ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार कालिका पावर कम्पनी, सिङ्गटी हाइड्रो नेपाल बेयर हाउस कम्पनीको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भएको छ । मुक्तिनाथ कृषि कम्पनी नौ दशमलव ९८ र बिन्दबासिनी हाइड्रोपावरका लगानीकर्ताले नौ दशमलव ३१ प्रतिशतले कमाएका छन् ।

# किसानलाई उपयोगी बन्दै वरसिम घाँसखेती



**टुडे समाचारदाता**

दाङ । घोराही उपमहानगरपालिका- ६ का किसान भीमबहादुर डाँगीले दुई दुहुँना भैँसी, दुई पाडापाडी र छ बाख्रा पालेका छन् । उनले घर नजिकैको एक बिघा खेतमा वरसिम घाँसखेती गरेका छन् । उनलाई भैँसी र बाख्रा पाल्न सजिलो भएको छ । खेतमा घाँस छर्नुअघि उनले दुई घण्टा हिँडेर धारापानीको जङ्गलबाट घाँस ल्याउनुपर्ने बाध्यता थियो । हिँउदमा आफ्नो एक बिघा खेतमा तोरी, मसुरो र गहुँको साटो वरसिम घाँस लगाउने गरेका छन् ।

उनले खेतमा घाँस लगाउन थालेको छ वर्ष भयो । हरियो हुँदा काटेर भैँसी र बाख्रालाई खुवाउन पाइएको बताए । सुकेको डाँठलाई पनि भुसका रुपमा खुवाउन पाइने र फल लाग्यो भने बिक्री पनि गर्न पाइने अत्यन्तै उपयोगी घाँस भएको उनले बताए ।

“भैँसी र बाख्राका लागि घाँस खोज्न भौँतारिनुपरेको छैन, सजिलै आफ्नै खेतबारीबाट प्राप्त गर्न सकिएको छ, समयको बचत पनि भएको छ”, उनले भने । हिउँदमा वरसिम लगाएपछि एक याममा चारदेखि पाँच पटकसम्म काट्न सकिन्छ । घाँस लगाउँदा त्यसले धान उत्पादनमा समेत वृद्धि हुने उनको अनुभव छ । बीउ छरेपछि गोडमेल र स्याहार्न झन्झट नभएकाले घाँसखेतीमा आकर्षण बढेको हो ।

गाई, भैँसी, भेडा र बाख्रा सबैलाई सो घाँसले फाइदा पुर्‍याउँछ । पशुपालक किसानका लागि वरसिम घाँस एकदमै उपयोगी भएको उनल बताए । “एक बिघा खेतबाट एक याममा रु दुई लाख आम्दानी हुन्छ, गत वर्षमात्र मैले रु एक लाखको वरसिम घाँसको दाना बेचेँ”, उनले भने ।

सोही गाउँका खुसलराम डाँगी पेसाले शिक्षक छन् । उनले दुई भैँसी र पाँच बाख्रा पालेका छन् । “बाह्र कट्ठा खेतमा वरसिम घाँस छरेको छु, बस्तुभाउलाई पाल्न सजिलो भएको छ”, उनले भने । बिहान बेलुका घर छेउको खेतबाट घाँस काटेर खुवाउन सजिलो भएको छ । घरमै बीउ उत्पादन गरेर बर्सेनि घाँसखेती गर्ने गरेको उनले बताए ।

“गत वर्ष रु ८० हजारको घाँसको बीउ बिक्री गरेको थिएँ, यसपाली एकपटक काटेर सकियो, चार पटकसम्म काट्न सकिन्छ”, उनले भने । धान काट्नुभन्दा अगाडि मसुरो छरे जस्तै गरेर सो घाँसको बीउ छर्ने गरिन्छ । घाँस उम्रँदा धान काटिसकेको हुनुपर्छ । हरियो र सुकेको वरसिम घाँस गाईबस्तुलाई खुवाउन एकदमै राम्रो मानिन्छ । मसुरो र गहुँ खेतीभन्दा घाँसबाट बढी आम्दानी हुने भएपछि यतातिर लागेको उनको भनाइ छ । गहुँ र मसुरोभन्दा धेरै आम्दानी हुने भएकाले यहाँका धेरैजसो किसानको ‘ग्रिन गोल्ड’ वरसिम घाँसप्रति आकर्षण बढेको छ ।

घोराही- ६ का गुरुवागाउँ, जजरागाउँ, वेरगै, गुरगै, बेरुवागाउँ, फचकपुर र अघरा तथा घोराही-१७ को गैरागाउँ र कर्जाहीका किसानले वरसिम घाँसखेती गरेका छन् । अहिले पूरै खेतभरि हरियो वरसिमखेती देख्न सकिन्छ । अहिले उक्त क्षेत्रमा रहेका एक सय ८० घर परिवारले घाँसखेती गर्ने गरेको शिवशक्ति घाँस बीउ उत्पादक सङ्घका सचिव विमल अधिकारीले जानकारी दिए । लगानी कम र आम्दानी राम्रो हुने भएकाले यसतर्फ किसानको आकर्षण बढेको अधिकारी बताउछन् ।

दाङमा यो घाँसखेती गर्नेको संख्या बर्सेनी बढ्दै गएको छ । जोत्न नपर्ने, मल हाल्नु नपर्ने र धानमा हालिएको मलले काम गर्ने भएकाले मलको बचत हुन्छ ।


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, प्र.खे.महुवा वडा नं. ७ घर भई हाल धनुषा जिल्ला, जनकनन्दिनी गा.पा. वडा नं. ३ बस्ने श्री ढक्कु साहको नाती, श्री फुदुर साहको छोरा वर्ष ५४ को श्री नन्द कुमार साहको मिति २०८०/०७/११ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४०७०३२३५ मा भएको रकम भुक्तानी पाउँ भनि निज मृतकको पत्नी श्रीमती बबिता देवी साहले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबुत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनु होला । उक्त म्याद भित्र हकदावी नर्ग नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुरी नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
जनकपुर शाखा, जनकपुर-२, धनुषा
फोन नं. ०४१-५९०२६१



मधेश प्रदेश सरकार
## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
जनकपुरधाम, धनुषा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०९/२०)

यस कार्यालयबाट मिति २०८०/०७/०३ गतेको प्रकाशित बोलपत्र आह्वानको सुचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको न्यूनतम मुल्यांकित बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिस भै-आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ तथा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| सि. नं. | ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम / ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| १ | MIHS/SERVICES/NCB/80–81/1 | Deluxe Security Service Pvt. Ltd., Kathmandu | NRs. 6,618,950.00 |
| २ | MIHS/SERVICES/NCB/80–81/2 | Deluxe Security Service Pvt. Ltd., Kathmandu | NRs. 5,295,160.00 |



## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०९/२० गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले जनकपूर शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

तपशिल

**ऋणी संस्थाको नाम : श्री.लोक हित बचत तथा ऋण सहकारी सस्था लि.। रजिष्टर्ड ठेगाना : ठाढी भिझा १,धनुषा । हालको ठेगाना : बिदेह नगरपालिका १ धनुषा** दर्ता नंः **९७६/२०६८/०६९**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | | |
|---|---|---|
| **१) नाम :प्रमोद कुमार छिटान (अध्यक्ष)**<br>बाबु : जिबछ छिटान यादब<br>बाजे : सोनेलाल छिटान<br>ना प्र नं.: १७९४८१३६१६(धनुषा)<br>ठेगाना : ठाढी भिझा १, धनुषा | **२) नाम : मुनेश्वर ठाकुर हजाम (उपाध्यक्ष)**<br>बाबु : चलित्र ठाकुर हजाम<br>बाजे : ढकाई ठाकुर<br>ना प्र नं.: ९४८१०४३४/०३३/०३४(धनुषा)<br>ठेगाना : ठाढी भिझा २, धनुषा | **३) नाम : धर्म देव गाईत यादब (सचिब)**<br>बाबु : फुसी गोईत<br>बाजे :<br>ना.प्र.नंः ९४८१६२(धनुषा)<br>ठेगाना : ठाढी भिझा १, धनुषा |
| **४) नाम : फेकन दास तत्मा (कोषाध्यक्ष)**<br>बाबु : नथुनी दास<br>बाजे : महग दास<br>ना.प्र.नंः २०९५२/२४८१(धनुषा)<br>ठेगाना : ठाढी भिझा २, धनुषा | **५) नाम : अनिल कुमार महतो (सदस्य)**<br>बाबु : राजेन्द्र महतो<br>बाजे : रामजी महतो<br>ना.प्र.नंः ९४८१३८७६ (धनुषा)<br>ठेगाना : ठाढी भिझा४, धनुषा | **६) नाम : चतुरान्नद मिश्रा (सदस्य)**<br>बाबु : रविनाथ मिश्र<br>बाजे : रामकृष्ण मिश्र<br>ना.प्र.नंः ९४८१३२१७ (धनुषा)<br>ठेगाना : ठाढी भिझा १, धनुषा |
| **७) नाम : राकेश झा (सदस्य)**<br>बाबु : महेन्द्र झा<br>बाजे : हरि झा<br>ना.प्र.नंः १७३०१४/१०५४ (धनुषा)<br>ठेगाना : ठाढी भिझा १, धनुषा | **८) नाम : फेकन साह (सदस्य)**<br>बाबु : सूर्य नाथ साहु<br>बाजे :<br>ना.प्र.नंः ३७७८१९७२ (धनुषा)<br>ठेगाना : एकराही ८, धनुषा | **९) नाम : इदो खातून (सदस्य)**<br>बाबु : सरीफ राईन<br>पति : सदाम अधिकारी<br>ना.प्र.नंः ३२५६ (धनुषा)<br>ठेगाना : ठाढी भिझा ३, धनुषा |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री निरमल खरेवारको नाति श्री विजलाल खरेवारको छोरा धनुषा जिल्ला ठाडीभिझा गा.वि.स. वडा नं. १ बस्ने श्री मुनिलाल खरेवार को नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला ठाडीभिझा गा.वि.स. वडा नं. १ क र १ख को कित्ता नं. ८४८ र ६९४ को क्षेत्रफल क्रमश ०-१-५.५-० र ०-२-६-०जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. श्री हरिप्रसाद भुडेरको बुहारी श्री सुभाषचन्द्र भुडेरको श्रीमति धनुषा जिल्ला विसरभोरा गा.वि.स. वडा नं. ९ बस्ने श्री रामा देवी को नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला हट्टिपुर हडवारा गा.वि.स. वडा नं. ७ को कित्ता नं.३५, २२७, १६८, २३२ र २३९ को क्षेत्रफल क्रमश ०-१-११-०, ०-२-८-०, ०-३-०-०, ०-२-०-०, र ०-८-५-०जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

३. श्री गरुवा मगरदइताको नाति श्री हरिहर यादवको छोरा धनुषा जिल्ला खजुरी चन्हा गा.वि.स. वडा नं. ५ बस्ने सत्यनारायण यादबको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला खजुरी चन्हा गा.वि.स. वडा नं. ६ क को कित्ता नं. १०७१ को क्षेत्रफल क्रमश ०-२-०-६ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

४. श्री उतिम गोइतमानको बुहारी श्री सोभित गोइतमानको श्रीमति धनुषा जिल्ला ठाडिभिझा गा.वि.स. वडा नं. १ बस्ने श्री सतिया देवी गोइतमानको नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला ठाडिभिझा गा.वि.स. वडा नं. १ कको कित्ता नं. १४५२ र ३९६ को क्षेत्रफल क्रमश ०-१-८.५-० र ०-३-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

५. श्री सरयुग दाहाको बुहारी श्री मिठवा दाहाको श्रीमति धनुषा जिल्ला ठाडिभिझा गा.वि.स. वडा नं. ५ बस्ने श्री लालो देवी दाहाको नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला ठाडिभिझा गा.वि.स. वडा नं. ४ क को कित्ता नं. ३७० र ३७२ को क्षेत्रफल क्रमश ०-२-५-०र ०-०-१७.५-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५९८०१८२, Web: www.ncbl.coop

# मधेश प्रदेशको पाँच मन्त्रालयविरुद्ध उजुरीको चांग

टुडे समाचारदाता

जनकपुरधाम।मधेशप्रदेशसरकारविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरीको चांग लागेको छ।

मधेश प्रदेश सरकारविरुद्ध चालु आर्थिक वर्ष ०८०/०८१ को पाँच महिना नबित्दै साढे तीन सय भन्दा बढी उजुरीहरु परेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासले जनाएको छ।

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको पाँच महिनामा दोब्बरले वृद्धि भएको छ । गत आर्थिक वर्ष ०७९/०८० मा मधेश प्रदेशको विभिन्न मन्त्रालय गरी २ सय १९ वटा उजुरी परेको थियो भने चालु आर्थिक वर्ष ०८०/०८१ को पाँच महिनामा साढे ३ सय भन्दा बढी उजुरी आयोगमा परेको छ।

चालु आर्थिक वर्षको पाँच महिनामा पाँच वटा मन्त्रालयविरुद्ध बढी उजुरीहरु आएको तथ्यांकले देखाएको छ । आयोगका अनुसार मधेश प्रदेशको प्रदेशसभा, प्रदेश प्रमुखको कार्यालयदेखि विभिन्न मन्त्रालयविरुद्धमा समेत उजुरी परेको छ भने कतिपय उजुरी फछ्र्योटसमेत भएको जनाएको छ।

भौतिक पूर्वाधार विकास मन्त्रालयविरुद्ध सबैभन्दा बढी भ्रष्टाचार हुने सूचीमा रहेको छ। त्यसपछि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सामाजिक विकास मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय भ्रष्टाचार हुने गरेको आयोगले सार्वजनिक गरेको एक तथ्यांकले जनाएको छ।

आयोगले सार्वजनिक गरेको तथ्यांक अनुसार चालु आर्थिक आर्थिक वर्ष ०८०/०८१ को मंसिरसम्ममा ३५८ वटा उजुरी परेको मध्ये १५३ वटा उजुरी फछ्र्योट भएको छ भने अझै पनि २०५ वटा उजुरी फछ्र्योट हुन बाँकी रहेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयविरुद्धमा १६९ वटा उजुरी परेको छ। जसमध्ये ७९ वटा उजुरी फछ्र्योट भएको छ भने ९० वटा फछ्र्योट हुन बाँकी रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासका कार्यालय प्रमुख रामबहादुर कुरुम्वांगले जानकारी दिए।



त्यसपछि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयविरुद्धमा ५९ वटा परेको उजुरी मध्ये १९ वटा उजुरी फछ्र्योट भएको छ भने ४० वटा फछ्र्योट हुने प्रक्रियामा रहेको कार्यालय प्रमुख कुरुम्वांगले बताए । त्यसपछि सामाजिक विकास मन्त्रालयविरुद्धमा ५८ वटा उजुरी परेको छ भने २६ वटा उजुरी फछ्र्योट भएको छ भने ३२ वटा उजुरी फछ्र्योट हुन बाँकी रहेको छ।

> गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको पाँच महिनामा दोब्बरले वृद्धि भएको छ । गत आर्थिक वर्ष ०७९/०८० मा मधेश प्रदेशको विभिन्न मन्त्रालय गरी २ सय १९ वटा उजुरी परेको थियो भने चालु आर्थिक वर्ष ०८०/०८१ को पाँच महिनामा साढे ३ सय भन्दा बढी उजुरी आयोगमा परेको छ ।

त्यस्तै भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयविरुद्धमा २६ वटा उजुरी परेको छ। जसमध्ये १२ वटा फछ्र्योट भएको छ भने १४ वटा फछ्र्योट हुन बाँकी रहेको छ । त्यस्तै प्रदेश प्रमुखको कार्यालयविरुद्धमा ३ वटा उजुरी परेको छ। जसमध्ये १ वटा उजुरी फछ्र्योट भएको छ भने २ वटा उजुरी फछ्र्योट हुन बाँकी रहेको छ।

त्यस्तै आन्तरिक मामिला तथा कानुन मन्त्रालयविरुद्ध ३ वटा उजुरी परेको छ । जसमध्ये एउटा उजुरी फछ्र्योट भए पनि २ वटा उजुरी फछ्र्योट हुन बाँकी रहेको छ।

त्यस्तै प्रदेशसभाविरुद्धमा एउटा उजुरी परेको र त्यो फछ्र्योट भएको कार्यालय प्रमुख कुरुम्वांगले बताए । गत आर्थिक वर्षमा २१९ वटा उजुरी परेको मध्ये १० ९ वटा उजुरी फछ्र्योट भइसकेको छ भने ११० वटा उजुरी फछ्र्योट हुन बाँकी रहेको थियो।

गत आर्थिक वर्षमा पनि सबैभन्दा बढी भौतिक पूर्वाधार विकास मन्त्रालयमा परेको थियो भने दोश्रो नम्बर सामाजिक विकास मन्त्रालय रहेको थियो।

चालु आर्थिक वर्षमा पनि सबैभन्दा बढी भौतिक पूर्वाधार विकास मन्त्रालयले गरेको विभिन्न विकास निर्माणलगायतको कामकारवाहीमा सार्वजनिक खरिद र निर्माणको सवालमा उजुरीहरु पर्ने गरेको उनले बताए।

कार्यालय प्रमुख कुरुम्वांगले गुणस्तरहीन निर्माण, गलत मूल्यांकन गर्ने, जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिबाट बनाउने भवन, पुललगायतका विकास निर्माणको काम र अनावश्यक डि.पि.आर तयार गरेर भ्रष्टाचार हुने गरेको भन्दै उजुरीहरु पर्ने गरेको बताए। प्रशासनिक कार्यमा कर्मचारी नियुक्तिमा मिलेमतो, विना प्रतिस्पर्धा नियुक्ति दिइने गरेको, तालिम र क्षमता विकासको सवालमा पनि कार्यविधिको पालना नगरेको, सहभागिताको किर्ते हस्ताक्षर, नक्कली शैक्षिक प्रमाणपत्र र लाईसेन्स र अनुमति पत्रलगायतका सवालमा समेत बढी उजुरीहरु परेको उनको भनाइ छ।

उनले विद्यालय क्षेत्रमा शिक्षक भर्नामा अनियमितता, खरिद कार्यमा अनियमितता, पोखरी तथा अन्य ठेक्कामा मिलेमतो भएको भन्दै उजुरीहरु रहेको बताए।

त्यस्तै कृषि, पशुविकास, स्वास्थ्य, वनलगायतका क्षेत्रमा बढी मात्रामा अनुदानको दुरुपयोग भएको भन्दै उजुरीहरु अख्तियारमा परेको छ भने सामाजिक सुरक्षा भत्तासम्बन्धी भत्ता वितरणमा अनियमितता र राजश्व चुहावट क्षेत्रमा समेत उजुरीहरु परेको कार्यालय प्रमुख कुरुम्वांगले बताए।

यस वर्षमा उजुरीहरु बढ्न थालेपछि समयमै फोकल पर्सन नियुक्त गरेर प्रक्रिया अनुसार आयोगमा परेको उजुरीमाथि छानबिन गरी फछ्र्योट गर्ने गरेकाले गत वर्ष भन्दा यस वर्षमा सहज हुँदै गएको उनको भनाइ छ।

# बागमती पुल निर्माणको कार्य अगाडि बढाउन धर्ना




राकेश यादव

गौर । वर्षौंदेखि अलपत्र अवस्थामा रहेको हुलाकी राजमार्ग अन्तर्गत पर्ने बागमती नदीको बड़हरबा पुलको निर्माण कार्य अगाडि बढाउनु पर्ने माग राख्दै नेपाली कांग्रेसका कार्यकर्ताहरु धर्नामा बसेका छन्।

१३ वर्ष अघि तत्कालीन नेकपा एमालेका नेता एवं प्रधानमन्त्री माधव कुमार नेपालले शिलान्यास गरेको रौतहट र सर्लाही जोड़ने पक्की पुल अहिलेसम्म अधुरो रहेकोले तत्काल निर्माण कार्य शुरू गराउन सरकारमाथि दबाब सृजना गर्ने उद्देश्यले नेपाली कांग्रेसका नेता कार्यकर्ताले गौर चन्द्रनिगाहपुर सड़क खण्ड अन्तर्गत पर्ने बम नहरमा सड़क जाम गरी धर्नामा बसेका छन्।

२०६४ सालको पहिलो संविधान सभामा रौतहट निर्वाचन क्षेत्र नम्बर ४ तथा काठमाण्डु निर्वाचन क्षेत्र नम्बर २ पराजित भएर मनोनित प्रक्रियाबाट गएका नेता नेपाल एमाले नेतृत्वको ९ महिनाको सरकारमा प्रधानमन्त्री बने पछि बड़हरबा पुल र गौर नर्सिंग क्याम्पस र गौर बैरगनिया बोर्डर पुलको शिलान्यास गरेका थिए।

शिलान्यासपछि पुल निर्माणको ठेक्का सरकारले लगाए पनि १३ वर्ष बित्न लाग्दा पुल निर्माण हुननसकेपछि स्थानीयहरु नेपाली कांग्रेसको नेतृत्वमा आन्दोलित भएका छन् ।

पुल शिलान्यासको क्रममा हलाकी राजमार्गमा पर्ने सिरसिया नजिक बागमती नदीमा निर्माण हुनुपर्ने माग राख्दै स्थानीय गौर नगरपालिका वड़ा नम्बर ९ का शंकर सिंहको नेतृत्वमा आमरण अनसन गरिदा पनि माधव नेपालले बड़हरबा नजिक पार्टी कार्यकर्ताको इशारामा आन्दोलनलाइ बेवास्ता गर्दै शिलान्यास गरेका थिए।

नेकपा एमालेबाट छुटिएर अलग दल नेकपा एकीकृत समाजबादी पार्टी दर्ता गराएका नेपाल बर्तमान अवस्थामा रौतहट निर्वाचन क्षेत्र नम्बर १ बाट गठवन्धनबाट निर्वाचित भएका प्रतिनिधि सभा सदस्य रहेका छन। प्रदेश सभा १ का बाट निर्वाचित नेपाली कांग्रेसका प्रदेश सांसद नागेन्द्र साह र ख बाट निर्वाचित प्रदेश सांसद कृष्णा यादव रहेका छन्।

कांग्रेस संघीय सरकार र मधेश प्रदेश सरकारमा पनि सहभागी भएको अवस्थामा सड़क जाम गरी बुधवारदेखि शुरू गरिएको धर्ना आन्दोलनलाई केही राजनीतिक दलले आलोचना पनि गरिरहेका छन।

कांग्रेसका मधेश प्रदेश सभापति एवम् रौतहट निर्वाचन क्षेत्र नम्बर १ को प्रदेश सभा ख बाट निर्वाचित कृष्णा यादव मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार मन्त्रीको जिम्मेवारीमा रहेका छन्।

प्रदेश सांसद नागेन्द्र साहले वर्षौंदेखि अलपत्र रहेको बागमती पुलको निर्माण कार्यलाई सुचारु गराउन धर्ना दिएको बताएका छन् । दुर्गा भगवती गाउँपालिकाका अध्यक्ष शम्भू सिंहले पुल निर्माण नहुँदा रौतहट र सर्लाहीका स्थानीयले आवत जावत गर्न कठिनाईको सामना गरिरहनु परेकोले पुलको निर्माण कार्य छिटो भन्दा छिटो बढाउनु पर्ने सरकारको ध्यानाकर्षण गराउने उद्देश्यले विरोध प्रदर्शन गरिएको बताए।

पुल निर्माणको कार्य बढाउने ठोस प्रतिबद्धता सरकारबाट नआएसम्म आन्दोलन जारी राख्ने अडान आन्दोलनकारीहरुको रहेको छ। सड़क अवरुद्ध हुँदा सवारी साधन आवागमनमा अवरोध भएको छ।

# निर्माण व्यवसायी मैत्री नीति बनाउन जोड

टुडे समाचारदाता

राजविराज । सरकारले निर्माण व्यवसायी मैत्री नीति निर्माण गर्न नसक्दा आफूहरुको पेशा संकटमा फस्दै गएको निर्माण व्यवसायीहरुले गुनासो गरेका छन्।

निर्माण व्यवसायलाई



सुरक्षित, मर्यादित र यसमा आबद्ध व्यवसायीहरुलाई विभिन्न ज्ञानबाट थप सुसज्जित गराउने उद्देश्यले यहाँ आयोजना गरिएको दुई दिने कन्सट्रक्सन म्यानेजमेन्ट तालिमको अन्तिम दिन विहीवार समापन कार्यक्रमका सहभागी वक्ताहरुले यस्तो गुनासो पोखेका छन्।

कार्यक्रमका प्रमुख अतिथि नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रीय प्रथम उपाध्यक्ष एडि लामाले सरकार निर्माण व्यवसायी मैत्री नबन्दा राम्रो काम गर्ने निमार्ण व्यवसायीहरु समेत विभिन्न दुख कष्ट र झमेलाको सामना गर्नु परिरहेको बताए।

विभिन्न करनीति, निर्माण सामग्रीको बढदो मूल्य, बैंकको चर्को ब्याजदर तथा समय मै कामको भुक्तानी नहुनु लगायतका कारणले निर्माण व्यवसायी समस्यामा पर्ने गरेको भन्दै उनले सरकारलाई निर्माण व्यवसायी मैत्री ऐन कानुन ल्याउन र सोही अनुसारको व्यवहार देखाउन ध्यानाकर्षण गराए। निर्माण व्यवसायी संघ सप्तरीका अध्यक्ष ऐनेश्वर दासको अध्यक्षतामा आयोजित कार्यक्रममा निर्माण व्यवसायी महासंघको महासचिव रोशन दाहाल, उपमहासचिव शिवहरी घिमिरे, सहकोषाध्यक्ष संतोष साह, केन्द्रीय सदस्य प्रमोद लामिछाने, नन्द किशोर साह, महासंघको मधेश प्रदेशका उपाध्यक्ष कैलाश प्रसाद यादव, जिल्ला महासचिव अमृत लाल साह, संघको पूर्व अध्यक्ष विजय दास, कामेश्वर लाल देव लगायतले प्रशिक्षार्थीहरुलाई तालिममा प्राप्त ज्ञान ब्यवहारमा लागु गर्न सुझावका साथै सरकारलाई निर्माण व्यवसायी मैत्री ऐन, कानुन र नीति निर्माण गर्न आग्रह गरे।

निर्माण व्यवसायी संघ सप्तरीको आयोजना तथा नेपाल निर्माण व्यवसायी महासंघको सहयोगमा दुई दिन सम्म संचालित तालिममा सप्तरीका ५५ जना निर्माण व्यवसायीहरु सहभागी थिए । उनीहरुलाई इमेश गौतम र उज्जवल खतिवडाले प्रशिक्षण दिएका थिए।

# राम जन्मभूमि अयोध्या भार पठाइयो

टुडे समाचारदाता

जनकपुरधाम। जनकपुरधामबाट भारतको अयोध्याका लागि भार पठाइएको छ। आगामी माघ ८ गते भगवान रामको जन्मभूमि अध्योध्यामा हुन लागेको 'श्रीराम मन्दिर प्राण प्रतिष्ठा'का लागि जनकपुरधाम-अयोध्याधाम यात्रासहित बिहीबार भार पठाइएको छ।

जानकी मन्दिर प्राङ्गणमा बिहीबार आयोजित विशेष समारोहमा मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादव, प्रतिनिधिसभा सांसद एवं नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि, जानकी मन्दिरका महन्त रामतपेश्वर दासलगायतले भार लिएर अयोध्या जाने टोलीलाई बिदाइ गरेका थिए। जानकी मन्दिरको अगुवाइमा विशेष यात्रासहित भार लिएर जनकपुरधामबाट यात्रा प्रारम्भ भएको जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले जानकारी दिए।



मैथिल परम्पराअनुसार छोरीको घरबासमा माइती पक्षबाट विशेषरूपमा भार पठाउने गरिन्छ। भारमा वर्ष भरिका खानाको सामग्री, सुन चाँदीका गरगहना, कपडा लगायतका सामग्रीहरु पठाउने गरिन्छ । सोही परम्पराअनुसार राममन्दिरउद्घाटनकाअवसरमामाता सीताको माइतीपक्ष जनकपुरधामबाट एक हजार एक सय भार त्यसतर्फ पठाइएको छ । भारमा विभिन्न प्रकारका आभूषण, भाँडा, कपडाका साथै मिठाइलगायतका भार बाँसबाट बनाइएका विशेष चङ्गेरामा सजाइएका छन्।

राममन्दिरकोप्राणप्रतिष्ठालाईनयाँ गृह प्रवेशका रूपमा लिइ 'घरबासक भार' लिएर जनकपुरधामबाट करिब तीन सय जनाको टोली त्यस तर्फ प्रस्थान गरेको उत्तराधिकारी महन्त दासले जानकारी दिए।

जनकपुरधामबाट जलेश्वरनाथ, मलङ्गवा, सिम्रौनगढ, गढीमाई, वीरगञ्ज हुँदै भारतको बेतिया, कुशीनगर, सिद्धार्थनगर गोरखपुरसम्म विभिन्न धार्मिकस्थलको दर्शन गर्दै अयोध्या पुग्ने र पुस २१ गते अयोध्यामा श्रीराम जन्मभूमि राममन्दिर ट्रष्टलाई भार हस्तान्तरण गरिने जनाइएको छ।

यस कार्यले नेपाल-भारतबीच त्रेतायुगदेखि चलिआएको वैवाहिक सांस्कृतिक सम्बन्धको महत्व दर्शाउनुका साथै त्यसलाई थप बलियो बनाउन भूमिका खेल्ने विश्वास गरिएको जनकपुरधाम उपमहानगरपालिका प्रमुख एवं भारयात्रा मूल समारोह समितिका संरक्षक मनोजकुमार साहले बताए।

उत्तराधिकारी महन्त रामरोशनले पनि यस कार्यले नेपाल भारतबीच सदियौंदेखि कायम सम्बन्धलाई थप प्रगाढ बनाउनुका साथै नेपालमा पर्यटन प्रवर्द्धनका लागि विश्वभर सन्देश प्रवाह हुनेमा विश्वास व्यक्त गरे । यसअघि निर्माणाधीन राममन्दिरको प्राणप्रतिष्ठा हुने दिन अभिषेक गर्न नेपालबाट जल पठाइएको थियो। विश्व हिन्दू परिषद् नेपालको नेतृत्वमा नेपालका विभिन्न नदीहरूबाट सङ्कलन गरिएको जल अयोध्या पठाइएको थियो।

अयोध्यामा मन्दिर निर्माण सुरू भएपछि गत वर्ष नेपालको कालीगण्डकी नदी किनारबाट दुईवटा शिलासमेत अयोध्या पठाइएको थियो।

# निर्वाचन अधिकृत फेरिए

टुडे समाचारदाता

जनकपुरधाम। आगामी माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि सात वटै प्रदेशमा स्थापना गरिएको निर्वाचन कार्यालयको अधिकृत एक साता नबित्दै फेरिएको छ।

निर्वाचन आयोगले यही पुस १२ गते गरेको निर्णय अनुसार मधेश प्रदेशमा निर्वाचन अधिकृतमा धनुषा जिल्ला अदालतका न्यायाधीश चित्रबहादुर गुरुङ्गलाई नियुक्त गरिएको छ। यसअघि नारायण प्रसाद सुवेदी रहेका थिए।

त्यस्तै कोशी प्रदेशको निर्वाचन अधिकृतमा मोरङ जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद गौतम, बागमती प्रदेशमा मकवानपुर जिल्ला अदालतका न्यायाधीश श्रीप्रसाद संजेल, गण्डकी प्रदेशमा कास्की जिल्ला अदालतका न्यायाधीश ऋषिराम आचार्य, लुम्बिनी प्रदेशमा दांग जिल्ला अदालतका न्यायाधीश कुलप्रसाद पाण्डे, कर्णाली प्रदेशमा सुर्खेत जिल्ला अदालतका न्यायाधीश मनोज श्रेष्ठ र सुदूरपश्चिुम प्रदेशमा कैलाली जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद अवस्थीलाई नियुक्त गरिएको निर्वाचन आयोग नेपालका सह-सचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए।

# १८ लाख नक्कली नोट सहित एक जना पक्राउ

टुडे समाचारदाता

गौर । नक्कली नेपाली रुपैयाँसहित एक जनालाई रौतहट प्रहरीले पक्राउ गरेको छ। रौतहट जिल्लाको गुजरा नगरपालिका-८ हरिहरपुरका बच्चालाल यादवको २५ वर्षीय छोरा संदीप यादवलाई नक्कली नोटसहित पक्राउ गरेको छ।

स्थानीय देवाही गोनाही नगरपालिका-८ पटेल चोकबाट पक्राउ परेको यादवको साथबाट नक्कली नेपाली नोट १ हजारको १ हजार ८ सय ४३ थान १८ लाख ४३ हजार बरामद हुनुको साथै १६ लाख ६५ हजार रकम बरावरको ३ थान चेक, विभिन्न बैंकको एटीएम कार्ड, वीजा कार्ड ५ थान तथा १ थान ओपो कम्पनीको मोबाईल बरामद गरिएको प्रहरी नायव उपरीक्षक एलिजा गिरीले जानकारी दिए।

राष्ट्रको अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्ने तथा राज्य विरुद्धको आपराधिक गतिविधिलाई निस्तेज पारी संलग्न व्यक्तिलाई क़ानुनी दायरामा ल्याई आमनागरिकको शान्ति सुरक्षामा



प्रभावकारिताको लागि रौतहट प्रहरी सक्रिय रुपमा कार्य गरिरहेको बताउँदै नियमित चेकजाँच लगायतका प्रहरी कारबाही तीब्र बनाइएको प्रहरी नायव उपरीक्षक गिरीले बताइन्। भारतमा रहेका गिरोहले नेपाली रुपैयाँको नक्कली नोट छापेर नेपालको विभिन्न बाजार , पेट्रोल पम्प , तथा ग्रामीण भेगका स्थानीय बाजारमा साटने गरेको प्रहरीको प्रारम्भिक अनुमान रहेको छ। पक्राउ परेका यादवलाई मुद्रा सम्बन्धी ऐन अन्तर्गत क़ानुनी कारबाही गरिने प्रहरीले जनाएको छ।

यस अघि गएको साउन २१ गते गरुडा नगरपालिका-५ स्थित शिव नगर मेला बाट भारतीय रुपैयाँ १०० का दरले ४ थान जाली नोट सहित पक्राउ परेका ४ जना, वड़ा नम्बर ४ बाट नेपाली रुपैयाँ १ हजारको दरले ७ थान नकली नोट सहित पक्राउ परेका ३ जना तथा चन्द्रपुर नगरपालिका वड़ा नम्बर १० बालचनपुरबाट मंसिर ३० गते नेपाली रुपैयाँ १ हजारको दरले २० थान नोट सहित पक्राउ परेका १ जना माथि क़ानुनी कारबाही गरिएको प्रहरी नायव उपरीक्षक गिरीले जानकारी दिए।

नक्कली नोटको कारोबार गर्ने गिरोह नै सक्रिय रहेको देखिएको रकमको लेनदेन गर्दा राम्रो संग नोट पहिचान गर्नलाई प्रहरीले सर्वसाधारण तथा वित्तीय संघ संस्थासंग आग्रह गरेका छन।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८